# 'जेली' उपन्यासको कृतिपरक अध्ययन

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्न
राज्य लक्ष्मी क्याम्पस अन्तर्गत नेपाली स्नातकोत्तर तह
द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र


शोधार्थी
रमा शर्मा
रत्न राज्य लक्ष्मी क्याम्पस
नेपाली विभाग
प्रदर्शनीमार्ग, काठमाडौं, नेपाल

२०६८

'जेली' उपन्यासको कृतिपरक अध्ययन - रमा शर्मा / २०६८

**त्रिभुवन विश्वविद्यालय**

**रत्नराज्य लक्ष्मी क्याम्पस**

**नेपाली शिक्षण समिति**

**भृकुटी मण्डल, काठमाडौं**

## निर्देशकको मन्तव्य

रत्न राज्यलक्ष्मी क्याम्पसका विद्यार्थी (२०६४-६६ समूह) श्री रमा शर्माले **जेली उपन्यासको कृतिपरक अध्ययन** नामक शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । परिपक्वपूर्वक तयार पारिएको उक्त शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली शिक्षण विभाग रत्न राज्यलक्ष्मी क्याम्पस समक्ष प्रस्तुत गर्न सिफारिस गर्दछु ।

मिति : २०६८/१०/१४

.......................................

हरि प्रसाद पराजुली

(सह प्राध्यापक)

## त्रिभुवन विश्वविद्यालय
## रत्नराज्य लक्ष्मी क्याम्पस
## नेपाली शिक्षण समिति
## भृकुटी मण्डल, काठमाडौं

मितिः २०६८/१०/१८

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौंका नेपाली विषयको छात्रा रमा शर्माले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारेको **जेली उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कन गरी सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

...............................................

सह प्रा. तुलसीमान श्रेष्ठ

(विभागीय प्रमुख)

...............................................

(सह प्राध्यापक हरि प्रसाद पराजुली)

शोधनिर्देशक

......................................

ढाका प्रसाद घिमिरे

बाह्य परीक्षक

# कृतज्ञता ज्ञापन

**जेली** उपन्यासको कृतिपरक अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र मैले रत्न राज्यलक्ष्मी क्याम्पस अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु श्री हरिप्रसाद पराजुलीज्यूको कुशल निर्देशनमा तयार पारेकी हुँ । शोधकार्यको कठिन गोरेटोमा हिँड्दा आफ्नो अमुल्य समय एवम् सुझावहरु दिएर सजग र सचेत गराउँदै समुचित मार्ग निर्देशन गर्नु हुने आदरणीय गुरु पराजुलीज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्रलाई विभागीय स्वीकृति प्रदान गरी प्रस्तुत शीर्षकमा शोधपत्र लेख्ने अवसर प्रदान गर्नुहुने नेपाली विभागका विभागीय प्रमुख श्रद्धेय गुरु तुलसीमान श्रेष्ठज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधकार्यका लागि शोधपत्र पुस्तक, पत्रपत्रिका एवम् अन्य सामाग्री उपलब्ध गराइदिएकामा त्रि.वि. केन्द्रीय पुस्तकालय, मोहनबहादुर मल्ल साहित्य प्रतिष्ठानप्रति आभार व्यक्त गर्दछु । यसै क्रममा आवश्यक सुझाव एवम् सामाग्री सङ्कलनमा सहयोग गर्ने आदरणीय दिदी बिमला शर्माज्यूप्रति अत्यन्त कृतज्ञ छु ।

मेरो अध्ययनको वर्तमान क्षणसम्म हार्दिक उत्प्रेरणा प्रदान गर्नुहुने आदरणीय पिता लिलाबल्लव शर्मा र माता कुन्ता शर्माप्रति ऋणी छु । हरेक पाइलामा हौसला र उत्प्रेरणा दिँदै वातावरण मिलाइ दिने आमा सीता अधिकारी र श्रमिान् कृष्ण अधिकारीज्यू प्रति आभारी छु । शोधकार्यमा हरपल उत्साही बनाउने र आफ्नो व्यस्तताका बाबजुत पनि खटेर मलाई सहयोग गर्ने साथी महेश सुवेदीज्यूप्रति हृदयतः धन्यवाद दिन चाहन्छु । त्यसै गरी यस शोधपत्रको टङ्कन तथा शुद्धाशुद्धिम सहयोग गर्ने दुर्क कम्प्युटर सिस्टम, कीर्तिपुर नयाँबजारका दुर्कमान महर्जनलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि रत्नराज्य लक्ष्मी क्याम्पस नेपाली विभागसमक्ष पेश गर्दछु ।

**मितिः** २०६८/१०/१२

**रजिष्ट्रेशन नं.**: ६-१-३१२-१९४-९९

**रमा शर्मा**

**सिम्बोल नं.** ४०००७०

# विषय सूची

**निर्देशकको मन्तव्य**

**स्वीकृति-पत्र**

**कृतज्ञता ज्ञापन**

**विषय-सूची**

| | | |
|---|---|---|
| **पहिलो परिच्छेदः शोध परिचय** | | **१-५** |
| १.१ | विषय परिचय | १ |
| १.२ | समस्या कथन | १ |
| १.३ | शोधकार्यको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.५ | शोधकार्यको औचित्य | ४ |
| १.६ | शोधकार्यको सीमाङ्कन | ४ |
| १.७ | शोधविधि | ५ |
| १.८ | शोधकार्यको रूपरेखा | ५ |
| **दोस्रो परिच्छेदः मोहन बहादुर मल्लको औपन्यासिक यात्रा** | | **६-१४** |
| २.१ | पूर्वपरम्परा र उपन्यासका क्षेत्रमा मोहन बहादुर मल्लको आगमन | ६ |
| २.२ | मोहन बहादुर मल्लका औपन्यासिक यात्राको चरण विभाजन | ८ |
| | २.२.१ प्रथम चरण (२००८ - २०१४ सम्म) | ८ |
| | २.२.२ द्वितीय चरण (२०१५ - २०१६ सम्म) | १० |
| | २.२.३ तृतीय चरण (२०१७ देखि हालसम्म) | १२ |
| २.३ | निष्कर्ष | १३ |
| **तेस्रो परिच्छेद : जेली उपन्यासको विधा सिद्धान्तका आधारमा अध्ययन** | | **१५-४८** |
| ३.१ | विषय प्रवेश | १५ |
| ३.२ | 'जेली' उपन्यासको संरचना विधान | १५ |
| | ३.२.१ बाह्य संरचना | १५ |

३.२.२ आन्तरिक संरचना १७
३.३ शीर्षकीकरण १७
३.४ कथावस्तु २१
३.४.१ कथासार २१
३.५ उपन्यास तत्त्वका आधारमा जेली उपन्यासको विश्लेषण २३
३.५.१ कथानक २३
३.५.२ चरित्र २६
३.५.२.१ मुख्य चरित्र ३०
३.५.२.२ सहायक चरित्र ३३
३.५.३ पर्यावरण ३७
३.५.४ दृष्टिविन्दु ३८
३.५.५ भाषाशैली ४१
३.५.६ सारवस्तु/कथ्य ४६
३.६ निष्कर्ष ४७

**चौथो परिच्छेदः प्रवृत्तिगत आधारमा जेली उपन्यासको विश्लेषण ४९-५५**
४.१ समाजसुधारको चेतना ४९
४.२ संघर्षशील पात्रहरूको प्रयोग ४९
४.३ भाषिक सरलता ५०
४.४ संवाद शैलीको प्रयोग ५०
४.५ पात्रगत बहुलता ५३
४.६ सामान्य मनोविज्ञानमा अन्तरग्रन्थित पात्रहरुको प्रयोग ५४
४.७ समस्यामूलकता ५४
४.८ निष्कर्ष ५५

**पाँचौं परिच्छेदः उपसंहार तथा निष्कर्ष ५६-६०**
५.१ सारांश ५६
५.२ निष्कर्ष ५९

**सन्दर्भ सामग्री सूची ६१-६२**

# सङ्क्षेपीकृत शब्दसूची

| सङ्क्षिप्त रुप | | पूर्ण रुप |
|---|---|---|
| स्व. | – | स्वर्गीय |
| वि.सं. | – | विक्रम संवत् |
| पृ. | – | पृष्ठ |
| देव. | – | देवदास |
| वि | – | विराले |
| दी. | – | दीनदास |
| लु. | – | लुटे |
| भि.सं. | – | भिक्षु उद्धार संघ |
| क्र.सं. | – | क्रम सङ्ख्या |
| ने.रा.प्र.प्र. | – | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| सा.प्र. | – | साझा प्रकाशन |
| ते.सं. | – | तेस्रो संस्करण |

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषय परिचय

प्रस्तुत शोध प्रस्तावको शीर्षक '**जेली** उपन्यासको कृतिपरक अध्ययन' मा आएका पद तथा पदावलीको पारिभाषीकरण गर्नु आवश्यक छ । **जेली** उपन्यास नेपाली साहित्यको सामाजिक यथार्थवादी उपन्यासकार मोहन बहादुर मल्ल (१९६८-२०३५) का **उजेली छामा** ( २००८), **मायारानी** (२००९), पञ्चायत (२०१०), समयको हुरी (२०१५), भुमरी (२०१६), बहादुर नजर (२०३६), **जेली** (२०३९) र **रामछायाँ** (२०६२) समेत गरी आठवटा उपन्यास कृति प्रकाशित भई सकेका छन् । यी मध्ये प्रकाशनका क्रममा **जेली** उपन्यास सातौं उपन्यास कृति रहेको छ । मल्लको यो उपन्यास सामाजिक पृष्ठभूमिमा लेखिएको उपन्यास हो । लेखनका हिसाबले २०१६ भन्दा पहिले लेखिएको भए पनि प्रकाशन २०३९ मा उनको मृत्युपश्चात भएको हो ।

उपन्याससँग षष्टी विभक्ति जोडिएको 'को' ले **जेली** उपन्याससँगैको सम्बन्धलाई कृतिपरक अध्ययनसँग जोडिएको छ । कृतिपरक अध्ययनको तात्पर्य विधातत्त्वका आधारमा कृतिको विश्लेषण भन्ने बुझिन्छ । यसकारण **जेली** उपन्यासको औपन्यासिक विधा तहका आधारमा अध्ययन विश्लेषण गरी कृतिको समुचित मूल्याङ्कन गर्ने प्रस्तुत शोधको शीर्षक अनुरूप विषय क्षेत्र रहेको छ ।

## १.२ समस्या कथन

यस शोध कार्यको शीर्षकसँग सम्बद्ध समस्याहरू निम्नानुसार छन् :

१) उपन्यासकार मोहन बहादुर मल्लको उपन्यास यात्रा के-कस्तो छ ?

२) उपन्यास सिद्धान्तका आधार **जेली** उपन्यास के-कस्तो छ ?

३) **जेली** उपन्यासका मुख्य-मुख्य प्रवृत्ति के-कस्ता छन् ?

## १.३ शोध कार्यको उद्देश्य

यस कार्यको उद्देश्य समस्या कथनमा उल्लेख गरिएका समस्याहरुको निराकरण गर्नु रहेको छ । अर्थात्:

१) उपन्यासकार मोहन बहादुर मल्लको औपन्यासिक यात्राको निरूपण गर्ने ।

२) उपन्यास सिद्धान्तका आधारमा **जेली** उपन्यासको कृतिपरक अध्ययन-विश्लेषण गर्ने ।

३) **जेली** उपन्यासको मुख्य-मुख्य प्रवृत्तिको निरूपण गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

**जेली** उपन्यासको कृतिपरक अध्ययन शीर्षकमा अझैसम्म शोध कार्य भएको छैन । यद्यपि मोहन बहादुर मल्लको जीवन, व्यक्तित्व र कृतित्त्वका बारेमा शोध कार्यको साथै फुटकर रूपमा अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने प्रयास भने प्रशस्त भएका छन् । प्रस्तुत शोध कार्यको शीर्षकसँग प्रत्यक्ष परोक्ष सम्बन्धित र यस शोध कार्यलाई सघाउ पुऱ्याउने त्यस्ता पूर्वकार्यको समीक्षा प्रस्तुत गर्दा कसले, कहाँ, के-कति र के कसरी गरे त्यसका बारेमा सम्पूर्ण विवरण काल क्रमिक रूपमा तल प्रस्तुत गरिएको छ :

कृष्णचन्द्रसिंह प्रधानले **नेपाली उपन्यासको क्रमिक विकास** (२०२३) मा बदलिँदो परिस्थितिले जनमानसमा आएको चेतना अनि अन्याय र शोषणका विरुद्ध संघर्षहरू चित्रित गर्दै उपन्यास रचना गर्ने उपन्यासकारको चर्चाका क्रममा मल्लको नाम पनि उल्लेख गरेका छन् ।

ठाकुर प्रसाद पराजुलीले **बुकी** (२०२९) पत्रिकामा प्रकाशित "मोहन बहादुर मल्लका उपन्यासहरूको संक्षिप्त विवेचना" शीर्षकको समालोचनात्मक लेखमा मोहन बहादुर मल्लको साहित्यिक जीवनका सन्दर्भमा उनका (२०२९) सम्मका प्रकाशित उपन्यासहरूको संक्षिप्त विवेचना गर्दै अझै उत्कृष्ट खालका उपन्यास लेखिनु पर्ने खाँचो रहेको निष्कर्ष प्रस्तुत गरेका छन् ।

काजी रोशनले **सम्झनाको गोरेटो** मा मोहन बहादुर मल्ल (२०३६) शीर्षकमा मल्लका बारेमा एउटा ३१ पृष्ठको लघुपुस्तिका प्रकाशित गरेका छन् । जसमा मल्ल

साहित्यिक सिर्जनामा लाग्नुको कारण र उनका प्रकाशित-अप्रकाशित कृति तथा प्रकाशनार्थ दिएका कृतिहरूको समेत नाम उल्लेख गरेका छन् । रोशनले मल्ललाई राष्ट्रिय स्तरका लेखकका रूपमा लिएर उनको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा सामान्य चर्चा गरेका छन् ।

कृष्णचन्द्रसिंह प्रधानले **नेपाली उपन्यास र उपन्यासकार** (२०४३) नाम समालोचनात्मक ग्रन्थमा मल्लका बारेमा उल्लेख गर्दै आदर्शोन्मुख यथार्थवादी उपन्यासकारहरूको चर्चाका क्रममा मल्लको समेत नामोल्लेख गरेका छन् ।

राजेन्द्र सुवेदीले **नेपाली उपन्यासः परम्परा र प्रवृत्ति** (२०५३) नामक पुस्तकमा रोमान्टिक चेतनायुक्त चरित्र निर्माणका स्रष्टा मल्लको औपन्यासिक संगठन कसिलो हुन नसके पनि नेपाली समाजको सुधार, शिक्षा प्रचार, स्वतन्त्र प्रेमवरण सांस्कृतिक अभ्युत्थान आदिका जागरणमुखी प्रश्नहरू उपन्यासमा प्रस्तुत गर्दै नेपाली समाजको धर्म, संस्कृति,परम्परा, मूल्य समेतका पक्षलाई निरन्तरता दिने र त्यसै क्रममा अत्यन्त विचलित र संवेदनशील ढंगले पलायित बन्दै जाने पक्षलाई उपन्यासकारले उजागर गरेको कुरा उल्लेख गरेका छन् ।

राम प्रसाद दाहालले **सिङ्गो नेपाली भाषा साहित्यको इतिहास र साहित्यकारहरुको परिचय** (२०५४) नामक पुस्तकमा झण्डै एक दर्जन जति साहित्यिक कृति निर्माण गर्ने मल्लका रचनामा स्वदेश प्रेम र संस्कृतिप्रतिको अनुरागलाई राम्ररी विश्लेषण गरिएको र कलात्मक रूपमा प्रस्तुत गरिएका यिनका रचनामा शिक्षाको प्रचार र स्वदेशप्रतिको गहिरो ममतालाई सुन्दर रूपमा व्यक्त गरिएको निष्कर्ष प्रस्तुत गरेका छन् ।

इन्द्र कुमार विकल्पले **स्व. मोहन बहादुर मल्ल** को संक्षिप्त जीवन (२०५५) नामक लघुशोध पुस्तिकामा मोहन बहादुर मल्लको साहित्यिक जीवनीलाई प्रस्तुत गरेका छन् । जसमा मल्लको साहित्यिक सक्रियतामा यावत प्रसँग कोट्याउँदै उनका प्रकाशित अप्रकाशित सम्पूर्ण साहित्यिक कृतिहरूको विवरणात्मक टिपोट प्रस्तुत गरेका छन् ।

मोहन बहादुर मल्ल साहित्य प्रतिष्ठानले **अर्धवार्षिक रूपमा कालाञ्जर** (२०६१) नामक पत्रिका तथा यसैको दोस्रो र तेस्रो अंक (२०६२) समग्रमा मोहन स्मृति विशेषाङ्कका रूपमा प्रकाशित गर्दै मोहन बहादुर मल्लको जीवन, साहित्यिक सन्दर्भमा मल्लसँग भेट्ने र

संगत गर्नेहरूका अनुभव, कृतिगत चर्चा, अन्तर्वार्ता प्रस्तुत गरी उनका बहुविध क्षेत्रका साहित्यिक योगदानको समुचित अध्ययन मूल्याङ्कन गर्ने प्रयत्न गरेका छन् ।

शारदा रिजालले **पर्वत जिल्लाका उपन्यासकार र तिनका औपन्यासिक कृतिको अध्ययन** (२०६२) नामक स्नातकोत्तर शोधपत्रमा पर्वत जिल्लाका उपन्यासकारहरूको चर्चा गर्दै मोहन बहादुर मल्ल र उनका उपन्यासहरूको संक्षिप्त चर्चा प्रस्तुत गरेकी छिन् ।

यसरी मोहन बहादुर मल्लको जीवनी र उनका साहित्यिक यात्राका बारेमा प्रशस्त अध्ययन कार्यहरू भएको पाइए तापनि **जेली** उपन्यासमै केन्द्रित भएर कृतिपरक अध्ययन कसैले गरेको देखिँदैन । माथि उल्लेखित सम्पूर्ण पूर्वकार्यहरू प्रस्तुत शोध कार्यको शीर्षकसँग पूर्ण रूपमा सम्बद्ध नभए पनि प्रत्यक्ष वा परोक्ष रूपबाट सहयोग पुऱ्याउने खालका छन् । **जेली** उपन्यासका कृतिपरक अध्ययनमा पूर्वोक्त कुनै पनि कार्यहरू सफलीभूत हुन नसके पनि प्रस्तुत शोध कार्यका लागि सहयोगी सामग्रीका रूपमा भने सहयोगी रहेका छन् ।

## १.५ शोध कार्यको औचित्य

आधुनिक नेपाली साहित्यको औपन्यासिक परम्परामा **जेली** एक महत्त्वपूर्ण उपन्यास हो । हालसम्म फुटकर रूपमा भए पनि प्रस्तुत उपन्यासको औपन्यासिक सीमा भित्र रहेर समुल र विस्तृत अध्ययन नहुनुले पनि प्रस्तुत शोधको औचित्य स्वतः स्पष्ट हुन गएको छ । प्रस्तुत शोधपत्र मोहन बहादुर मल्लको औपन्यासिक यात्रा एवं औपन्यासिक प्रवृत्तिका अतिरिक्त **जेली** उपन्यासको कृतिपरक अध्ययनमा केन्द्रित भएकाले मोहन बहादुर मल्ल, उनको औपन्यासिक प्रवृत्तिका साथै **जेली** उपन्यासका बारेमा समूल र बहुविध जानकारी हाँसिल गर्न चाहने जुनसुकै स्तरका पाठक, अध्येता, अनुसन्धानकर्ताका लागि प्रस्तुत शोधपत्र अत्यन्त उपयोगी र औचित्यपूर्ण रहेको छ ।

## १.६ शोध कार्यको सीमाङ्कन

आधुनिक उपन्यास तत्त्वका आधारमा **जेली** उपन्यासको अध्ययन विश्लेषण गर्नुमा नै प्रस्तुत शोध सीमित रहेको छ ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधको शीर्षक अनुरूप मूल रूपमा सैद्धान्तिक र व्यावहारिक अध्ययनकार्यका लागि मूलतः पुस्तकालीय विधिको तथा सम्बन्धित विज्ञहरुसँग मौखिक छलफल विश्लेषण आदि विविध विधिको प्रयोग गरिएको छ। प्रस्तुत शोध कार्यको लागि आवश्यक सामग्रीको सङ्कलन, अध्ययन, विश्लेषण र सामान्यीकरणका लागि वर्गीकरण, व्यवस्थापन, खण्डन-मण्डन, अन्वय-व्यतिरेक, तुलना-प्रतितुलना, सत्यापन एवम् निष्कर्ष जस्ता सैद्धान्तिक पद्धतिको पनि यथोचित प्रयोग गरिएको छ । विषयको निरूपणमा मूलतः उपन्यास सिद्धान्तका आधारमा विश्लेषणात्मक पद्धतिको प्रयोग गरिएको छ।

## १.८ शोध कार्यको रूपरेखा

पहिलो परिच्छेद – शोधपरिचय

दोस्रो परिच्छेद – मोहन बहादुर मल्लका औपन्यासिक यात्रा र प्रवृत्ति

तेस्रो परिच्छेद – **जेली** उपन्यासको कृतिपरक अध्ययन

चौथो परिच्छेद – **जेली** उपन्यासको प्रवृत्ति

पाँचौ परिच्छेद – शोध निष्कर्ष

प्रस्तुत शोधपत्रको अन्त्यमा सन्दर्भ सामग्री सूची राखिएको छ।

# दोस्रो परिच्छेद

# मोहन बहादुर मल्लको औपन्यासिक यात्रा

## २.१ पूर्व परम्परा र उपन्यासका क्षेत्रमा मोहन बहादुर मल्लको आगमन

मोहन बहादुर मल्लले नेपाली साहित्यका कविता, कथा, नाटक, निबन्ध, जीवनी आदि विविध क्षेत्रमा कलम चलाए पनि उनको प्रमुख सिर्जनात्मक विधा उपन्यास हो । उनले नेपाली उपन्यास परम्पराको के कस्तो परम्परामा रहेर आफ्‌ना उपन्यास रचना गरे यसका बारेमा पूर्व विकसित भएको औपन्यासिक परम्पराको पृष्ठभूमिबारे यहाँ संक्षिप्त रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

नेपाली उपन्यासले रुद्रराज पाण्डेको **रूपमती** (१९९१) र रूपनारायण सिंहको **भ्रमर** (१९९३) उपन्यासबाट आधुनिकताले पूर्णता प्राप्त गरेको हो । नेपाली उपन्यासलाई आधुनिकताको पूर्ण प्रतिष्ठा दिनका लागि यी दुवै उपन्यासको महत्त्वपूर्ण स्थान रहेको छ । यी उपन्यासले पारिवारिक एवम् नारी आदर्श, शैक्षिक चेतना, सामाजिक सुधार, प्रणयी भावना, साङ्गठनिक एवम् वस्तु विन्यासमा कुशलता, आकर्षक भाषा आदिलाई स्पर्श गर्दै पाठकलाई असत्‌बाट सत्‌तर्फ अभिप्रेरित गर्ने उद्देश्य लिएका छन् । यहीँबाट नेपाली उपन्यासका क्षेत्रमा क्रमशः आदर्शोन्मुख यथार्थवादी धारा र स्वच्छन्दतावादी धाराको प्रारम्भ भएको हो ।

यसपछि लैनसिंह बाङ्‌देलको **मुलुक बाहिर (२००४)** उपन्यासले आर्थिक विपन्नताका कारण बाध्य भए जीवन निर्वाहका लागि मुग्लान पस्नुपर्ने र कतिपय व्यक्तिहरू सदाका लागि मुग्लानी बन्ने निम्नवर्गीय नेपाली समाजको यथार्थतालाई प्रस्तुत गरेको छ । **मुलुकबाहिर,** रूपमती र भ्रमरले समेट्न नसकेका आर्थिक पक्षमा पनि चासो राखेको पाइन्छ । उपन्यास शिल्पका दृष्टिले पनि यो उपन्यास भिन्न छ । कथानक केही फितलो भए पनि त्यसको कलात्मक ढङ्गको प्रस्तुतीले उपन्यास सशक्त बन्न पुगेको छ । आधुनिक नेपाली उपन्यासको परम्परामा नवीनता ल्याउने यस उपन्यासबाट नेपाली उपन्यासका क्षेत्रमा सामाजिक यथार्थवादी धाराको प्रारम्भ भएको छ । यसपछि अर्को खुड्‌किलाका रूपमा टुकराज पद्‌मराज मिश्रका **रजबन्दकी** (१९९६) र **राम कृष्ण कुँवर राणा** (१९९९) डायमन

शमशेर राणाको **वसन्ती** (२००६) उपन्यास देखापरे । यी उपन्यासले ऐतिहासिक यथार्थवादको स्पर्शका साथ नयाँ दिशा निर्देश गरी मोहन बहादुर मल्लको आगमनपूर्व नै नेपाली उपन्यासका क्षेत्रमा ऐतिहासिक यथार्थवादी धाराको प्रवर्तन गरेको पाइन्छ ।

मोहन बहादुर मल्लले **रूपमती**बाट सुरु भएको आदर्शोन्मुख सामाजिक यथार्थवादी धारा र **वसन्ती**बाट सुरु भएको ऐतिहासिक यथार्थवादी धारालाई अनुसरण गर्दै आधुनिक नेपाली उपन्यासका क्षेत्रमा २००८ सालदेखि आएका छन् । उनका **उजेली छामा**, **मायारानी**, पञ्चायत, समयको हुरी, भुमरी,  बहादुरबजर, **जेली** र राममाया गरी आठओटा उपन्यासहरू प्रकाशित भएका छन् । मल्लको उपन्यासकारिता समकालीन उपन्यासकारहरू हृदय चन्द्र सिंह प्रधान, लील बहादुर क्षेत्री, लीला ध्वज थापा आदिका उपन्यासकारितासँग तादात्म्य राख्दै अगाडि बढेको पाइन्छ भने समकालीन भएर पनि गोविन्द बहादुर मल्ल र विजय बहादुर मल्लको उपन्यासकारितासँग भने पृथक नै रहेको पाइन्छ ।

नेपाली उपन्यास परम्पराको विकासक्रममा सामाजिक यथार्थवादी धारा अगाडि बढ्दछ । यस क्रममा लैनसिंह बाङ्देलको मुलुकबाहिर (२००४) ले यथार्थवादी धाराको प्रवेश सँगसँगै यथार्थबारे भित्रका उपधारा अन्तर्गत विभिन्न चार उपधाराहरु देखा पर्दछन् भने त्यही औपन्यासिक विकासक्रमको लेखनपरम्परामा नीति नियमको कोरा बन्दनबाट मुक्त हुँदै स्वच्छन्दतावादी भावधारालाई पछ्याउँदै रुपनारायण सिंहको भ्रमर (१९९३) देखापर्दछ । यस क्रमसँगसँगै अस्तित्ववादी विसङ्गतिवादी धारालाई नेपाली उपन्यासको विकासक्रमको प्रवर्तनको विकासमा इन्द्र बहादुर राई र पारिजातका उपन्यासहरुले गर्दछन् । व्यक्तिका निजी र वैयक्तिक समस्याहरुको कथ्यलाई मूल केन्द्र बनाई नेपाली उपन्यास लेखनको विकासक्रममा गोविन्द बहादुर मल्ल गोठालेको पल्लो घरको झ्याल (२०१६) ले गर्दछ भने यसकै निरन्तरर क्रममा बढ्दा नेपाली उपन्त्यासको विकासक्रममा अतियथार्थवादी तथा प्रकृतवादी धाराले सामाजिक यथार्थवादी तथा प्रकृतवादी धाराले सामाजिक यथार्थवादी तथा स्वच्छन्दतावादी धारा भन्दा अगाडि बढेर समाजको अति यथार्थअवस्थाको चित्रण गर्दै लंगडाको साथी लगायत खैरेनीघाट उपन्यास क्रमशः अतियथार्थवाद र प्रकृतवादलाई अगाडि बढाउने क्रममा पर्दछन् भने उत्तर आधुनिकवादी धाराले उपन्यासको कथ्य शिल्पशैली अर्थात् विधा तत्वलाई बेवास्ता गर्दै अगाडि बढ्ने क्रममा हृदय चन्द्र सिंह प्रधानको स्वास्नी मान्छे नारीवादी उपन्यास देखा पर्दछ ।

यस प्रकार नेपाली उपन्यासको लेखनयात्रा अगाडि बढ्ने क्रममा मोहन बहादुर मल्ल पनि यस विकास क्रममा यात्रारत हुने क्रममा उनका अन्य उपन्यास लगायत **जेली** उपन्यासमा केन्द्रित हुँदा मोहन बहादुर मल्ल सामाजिक यथार्थवादी भाव धारामा प्रवाहशील भएको देखिन्छ र उनको नेपाली उपन्यास लेखनको विकास यात्रामा आफ्नो बेग्लै र विशिष्ट स्थान ओगट्न सफल भएका छन् ।

## २.२ मोहन बहादुर मल्लका औपन्यासिक यात्राको चरण विभाजन

मोहन बहादुर मल्लको **उजेली छामा** पहिलो उपन्यास हो । मल्लको औपन्यासिक यात्राको चरण विभाजन गर्दा मल्लका प्रकाशित आठ उपन्यास मध्ये सुरुमा प्रकाशित भएका तीनवटा उपन्यासलाई अध्ययन गर्दा अपरिपक्व लेखन देखिएकाले प्रथम चरणमा त्यसपछि परिष्कृत र परिमार्जित लेखन शैली भएका दुईवटा उपन्यासलाई द्वितीय चरणमा र उनको मृत्यु पश्चात् छापिएका अरू तीनवटामा दोस्रो चरणका उपन्यासको उपन्यासकारिता भन्दा केही खस्केको पाइएकाले तेस्रो चरणमा राखिएको छ । त्यसैले मल्लका औपन्यासिक यात्रालाई तीन चरणमा विभाजन गरी अध्ययन गर्न उपयुक्त देखिन्छ ।

प्रथम चरण : वि.सं. २००८ - २०१४ सम्म

द्वितीय चरण : वि.सं. २०१५ - २०१६ सम्म)

तृतीय चरण : वि.सं. २०१७ देखि हालसम्म)

### २.२.१ प्रथम चरण : वि.सं. २००८ - २०१४ सम्म

मल्लको औपन्यासिक यात्राको प्रथम चरण वि.सं. २००८-२०१४ सम्मलाई मानिन्छ । यस अवधिमा उनका **उजेली छामा**, **मायारानी** र **पञ्चायत** गरी तीनओटा उपन्यासहरू प्रकाशित भएका छन् । उनका **उजेली छाया** र **पञ्चायत** सामाजिक उपन्यास हुन् भने **मायारानी** ऐतिहासिक उपन्यास हो ।

**उजेली छामा** उपन्यास पूर्णरूपमा सामाजिक विषय वस्तु भएको उपन्यास हो । यसमा समाजमा हुने गरेका छलछाम षड्यन्त्र र टुहुराप्रति गरिने दुर्व्यवहारलाई देखाउन खोजिएको छ । यस उपन्यासमा भाग्यवादलाई विश्वास गरिएको छ, जसले गर्दा अन्त्यमा संयोग भएको छ । यो नायिका प्रधान उपन्यास मानिन्छ साथै यसमा शिक्षा, समाजसेवा

सम्बन्धी विचार व्यक्त गरिएको छ । वर्णनात्मक शैली,सामान्य भाषाशैली र ग्रामीण पृष्ठभूमिमा लेखिएको यस उपन्यास औपन्यासिक दृष्टिले कमजोर देखिनुका साथै कुनै घटना अस्वाभाविक जस्तो एक्कासी घटाइएको देखाइएकाले यसमा लेखकको लेखनशैली अपरिपक्व देखिन्छ ।

**मायारानी** उपन्यास ऐतिहासिक पृष्ठभूमिमा लेखिएको छ । नेपाल एकीकरण अभियानदेखि सुगौली सन्धिसम्मको नेपाली वीरताको इतिहासलाई विषय वस्तु बनाइएको यस उपन्यासमा नेपाल अंग्रेजयुद्धबारे बढी प्रकाश पारिएको छ । अंग्रेजसँगको लडाइँमा नेपालीहरूले कसरी वीरताको प्रदर्शन गरे र कुन परिस्थितिमा सुगौली सन्धि भयो भन्ने कुराको झलक यस उपन्यासमा पाउन सकिन्छ । युद्धको क्रममा फरक-फरक ठाउँमा नायक नायिकालाई देखाए पनि मृत्यु एक ठाउँमा बनाएर साँचो प्रेम अमर भएका देखाउन खोजिएको छ । सती प्रथाको र अनमेल विवाहको विरोध गरेकाले यस उपन्यासमा प्रगतिवादी सोच भएको पाउन सकिन्छ ।

यस उपन्यासमा पनि कथानक सशक्त र चरित्र निर्माणमा होसियार बन्न नसकेकाले अपरिपक्व लेखन मानिन्छ । शिक्षासम्बन्धी धारणा व्यक्त गर्नुका साथै पूर्वदीप्ति शैलीमा लेखिएको यस उपन्यासमा काठमाडौंको सहरिया परिवेश, युद्धकालीन वातावरण आदिलाई देखाएको छ ।

**पञ्चायत** प्रकाशनका दृष्टिले तेस्रो भए पनि लेखनका दृष्टिले पहिलो मानिन्छ । यो सामाजिक उपन्यास भएकाले यसमा ठूला ठालुहरूको कुकृत्य, शोषण आदिलाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा पनि प्रगतिवादी सोच देखाइएको छ । पुरुषप्रधान समाजको हैकम, प्रगतिवादी सोचले. गर्दा पनि छ लेखकले नायिकाको जीत गराएका छन् । भाग्यवादमा विश्वास गर्नाले उपन्यास संयोगान्तमा गएर टुङ्गिएको छ । राणाकालीन समाजको छाँया परेकाले आदर्शवादी विचार व्यक्त गर्नुका साथै समाजसेवा शिक्षा, समाज सुधार, औद्योगिकताप्रति उन्मुख भई समाजसेवाको अपेक्षा गरेको छ । कथानकका चरित्राङ्कनका दृष्टिले केही कमजोर देखिएकाले अपरिपक्व लेखन रहेको छ । कास्की र काठमाडौंको ग्रामीण एवं सहरिया दुवै परिवेश भएकाले भाषाशैली र शिल्पका दृष्टिले मध्यम खालको देखिन्छ ।

यसरी मल्लका औपन्यासिक यात्राको प्रथम चरण छुट्याउने प्रमुख कारण अपरिपक्व लेखन हुनुका साथै औपन्यासिक दृष्टिले कमजोर देखिएकाले मल्लका (२००८-२०१४) सम्मका तिन उपन्यासलाई प्रथम चरणमा राखिएको छ । मल्लका यस चरणका औपन्यासिक प्रवृत्तिहरू बुँदागत रुपमा निम्नलिखित रहेका छन् :

- समाज सुधार,
- ऐतिहासिकता,
- बाह्य द्वन्द्वको प्रधानता
- प्रतीकात्मक र भाषिक सरलता

मल्लले यस चरणका उपन्यासहरूमा समाज सुधारको भावनालाई प्रस्तुत गरेका छन् । उनले प्रस्तुत गरेको समाज अन्याय, अत्याचार, अन्धविश्वास, अशिक्षा, रोग भोक र अभावले ग्रस्त देखिन्छ । ऐतिहासिकता बोकेको **मायारानी** उपन्यास नेपाल एकिकरणको अभियानदेखि सुगौली सन्धिसम्मको नेपाली वीरताको इतिहासलाई विषय वस्तु बनाई उपन्यासलाई अगाडि बढाएका छन् ।

यस चरणमा राखिएका उपन्यासमा भाषाशैली त्यति परिष्कृत र परिमार्जित बन्न नसकेकाले उनका उपन्यासमा सामान्य भाषाको प्रयोग भएको छ । यिनमा बाह्य द्वन्द्वको प्रधानता देखिन्छ । **उजेली छामा** उपन्यासमा पण्डित र स्वामीवर्ग बीचको द्वन्द्व देखाउनु, **पञ्चायत**मा मधुलाई चैनीले अपहरण गरी लैजानु **मायारानी**मा माया आफ्नो पूर्वप्रेमीलाई त्याग्न बाध्य हुनु जस्ता द्वन्द्व सबै उपन्यासमा देखिएको छ ।

### २.२.२ **द्वितीय चरण** (**२०१५ - २०१६ सम्म**)

मल्लको औपन्यासिक यात्राले दोस्रो चरण २०१५-२०१६ सम्मलाई मानिन्छ । उनको यो चरण समयका दृष्टिले छोटो भए पनि निकै उपलब्धिपूर्ण देखिन्छ । यस समयमा, उनका दुईओटा मात्र उपन्यास **समयको हुरी** र **भुमरी** प्रकाशित भएका छन् । नेपाली उपन्यास परम्परामा मल्ललाई चिनाउन सफल यी दुई उपन्यास उनका प्रतिनिधि उपन्यास रहेका छन् ।

**समयको हुरी** उपन्यास मल्लका अगाडिका उपन्यासभन्दा निकै स्तरीय उपन्यास रहेको छ । यसमा सुधारात्मक भावनालाई सशक्त रूपमा प्रस्तुत गर्नुका साथै शिक्षा प्रचारको चरम परिणति पनि पाइन्छ । यस उपन्यासमा पारिवारिक, सामाजिक, राष्ट्रिय सुधार, शिक्षाको ज्योति फैलाउने, नेपाली भाषाको उत्थान जस्ता सामाजिक विषय वस्तुलाई देखाउन खोजिएको छ । त्यस्तै परम्परागत सोचलाई बदल्नु पर्ने संकेत पनि यसमा देखाइएको छ । नेपालको पश्चिमी क्षेत्र पाल्पा, भैरहवाको वातावरण रहेको छ । यस पूर्वमा उपन्यासका तुलनामा निकै परिमार्जित भाषाशैली रहेको देखिन्छ ।

'भुमरी' राजनैतिक एवं सामाजिक विषय वस्तु भएको उपन्यास हो । यसमा राजनैतिक दाउपेच, ऐतिहासिक घटना, सामाजिक समस्याको समायोजन भएको पाइन्छ । मातृ-उद्धार संघ खोली या सञ्चालन गरी तत्कालीन राणा शासनका विरुद्ध कार्य गरी राजनैतिक भुमरीलाई आफू अनुकूल बनाउने आँट र जोश उपन्यासकारले प्रस्तुत गरेका छन् । सामाजिक विषय वस्तुतिर बाल बिधवा र विधवा नारीप्रति सहानुभूति राख्दै विधवा विवाहलाई सामाजिक मान्यता दिनुपर्ने धारणा व्यक्त गरेका छन् । राणा शासनको वर्वरतापूर्ण दमन एवं काठमाडौंली वातावरण रहेको यस उपन्यासमा भाषिक प्रयोग उच्च देखिन्छ ।

यी दुई उपन्यासमा विषय वस्तु र चरित्रविधानको उत्कृष्ट समायोजन, शैक्षिक जागरणको चरम परिणती, तत्कालीन शासन व्यवस्थाको विरोध, समाज सुधारको अपेक्षा, नारीका हकहितप्रति सजग, सतिप्रथाको विरोध, विधवा विवाहलाई प्रोत्साहन, लेखन भाषाशैली सशक्त, वैयक्तिक परिपक्वता, प्रतीकात्मकता एवं संघर्षशील पात्रको प्रयोग, परिष्कृत र कलात्मक भाषाशैली रहेको छ ।

दोस्रो चरण छुट्याउने प्रमुख आधार परिष्कृत लेखन र कलात्मक भाषाशैली हुनुका साथै उनको मृत्युभन्दा अगाडि छापिएकाले यी दुई उपन्यासलाई दोस्रो चरणमा राखिएको छ । मल्लका यस चरणका प्रवृत्तिहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः–

- वैचारिक परिपक्वता,
- प्रतीकात्मक तथा संघर्षशील पात्रको प्रयोग र
- परिष्कृत र कलात्मक भाषाशैली ।

मल्लका उपन्यासहरूमा समाज सुधार, शिक्षा, स्वास्थ्य, उद्योग आदितर्फ निकै चासो देखाइएको पाइन्छ । उनको मूल ध्येय भनेको समाज सुधार हो । यी प्रवृत्तिहरू मल्लका सबै उपन्यासहरूमा पाउन सकिन्छ । तर पनि **समयको हुरी** उपन्यासमा उनले प्रस्तुत गरेको समाज सुधारको वैचारिक आदर्श सफल र सशक्त रूपमा प्रस्तुत भएको पाइन्छ । यस चरणमा आएर मल्ले आफ्नो सुधारवादी भावनालाई सशक्त रूपमा प्रस्तुत गरी वैचारिक परिपक्वता देखाएका छन् । यस चरणका उपन्यासका पात्रहरू संघर्षशील भई आफ्नो लक्ष्य प्राप्तिका लागि निरन्तर रूपमा कटिबद्ध रहेका छन् ।

भाषा शैली परिष्कृत बन्न पुगेको छ भाषाकै माध्यमद्वारा उनले पात्रका आन्तरिक असजिला पीडालाई बाह्य रूपमा प्रकटीकरण गर्ने काम गरेका छन् । गाउँ समाजमा बोलिने भाषाको प्रयोग, झर्रा नेपाली शब्द, तत्सम र अङ्ग्रेजी भाषामा शब्दहरूको समुचित प्रयोगले भाषामा अझै रोचकता भरेका छन् । त्यसैले यस चरणमा उनको भाषा परिष्कृत र कलात्मक रहेको पाउन सकिन्छ ।

### २.२.३ तृतीय चरण (२०१७ देखि हालसम्म)

मल्लको औपन्यासिक यात्राको तेस्रो चरण २०१७ देखि हालसम्मलाई मानिन्छ । यस समयमा मल्लका **बहादुर नजर**, **जेली** र **रामछायाँ** गरी तिनओटा उपन्यासहरू प्रकाशित भएका छन् । मल्लको निधन पश्चात् प्रकाशित यी उपन्यासको उपन्यासकारिता दोस्रो चरणका उपन्यासको भन्दा केही खस्केको पाइन्छ । त्यसैले उनका यी उपन्यासहरूलाई तेस्रो चरण अन्तर्गत राखिएको छ ।

**बहादुर नजर** ऐतिहासिक उपन्यास हो । यसमा सती प्रथाको विषयलाई देखाइएको छ । बहादुर शाहको मृत्यु भएपछि उनकी पत्नी पनि सँगै त्यही चितामा चढी आफ्नो प्राण त्याग गर्छिन् । त्यसैले यो दुःखान्त उपन्यास मानिन्छ । परिवेश हेर्दा गोरखा, पाल्पा, बेतिया, कान्तिपुर आदि ठाउँमा घटेका घटनाहरू छन् । वर्णनात्मक शैलीमा लेखिएको यो उपन्यासको भाषा दरबारिया बोलिचालीको रहेको छ ।

**जेली** सामाजिक उपन्यास हो । यसमा सामाजिक संस्कार सम्बन्धी समस्यालाई उद्घाटन गर्नुका साथै जुवा, तास, लागूपदार्थको सेवन, चोरी, डकैती जस्ता मानिसमा हुने कुप्रवृत्ति र मगन्तेप्रथा तथा धर्मप्रतिको प्राचीन प्रविधिप्रतिको असन्तोष व्यक्त गरिएको छ ।

काठमाडौंको वातावरण भ्रमणको क्रममा गएका वीरगञ्ज र भारतका विभिन्न स्थान रहेका छन् । वर्णनात्मक शैलीमा लेखिएको यो उपन्यासमा सामान्य बोलचालको भाषा प्रयोग गरिएको छ ।

**रामछायाँ** ऐतिहासिक उपन्यास हो । यसमा सिंजा परिवारको खानदान, उनीहरूको चाल-चलन एवम् वनमान्छे, राउटे र कुसुण्डा जातिको चाल-चलन, रीति-रिवाज, खानपान, वेशभूषा आदिको झलक पाइन्छ । यस उपन्यासको परिवेश सुर्खेत, लुम्बिनी, कपिलवस्तु, काठमाडौं आदि रहेको छ । राउटे कुसुण्डाले बोल्ने भाषाको प्रयोगले भाषाशैली असहज छ ।

तेस्रो चरणका उपन्यासहरूमध्ये **रामछाया** उपन्यासमा मात्र एउटा नयाँ प्रवृत्ति पाउन सकिन्छ, त्यो हो - जातीय सांस्कृतिकता । त्यस्तै **बहादुर नजर** र **जेली** उपन्यासमा प्रथम र द्वितीय चरणकै प्रवृत्तिहरू पाउन सकिन्छ । **बहादुर नजर**मा पाइने ऐतिहासिकता प्रथम चरणको **मायारानी** उपन्यासमा नै पाउन सकिन्छ भने **जेली**मा पाइने सामाजिकता मल्लका प्रायः सबै उपन्यासमा पाइन्छ । त्यस्तै **रामछायाँ**मा रहेको ऐतिहासिकता पनि पुनः दोहोरिएको छ, तर यसमा एउटा नयाँ प्रवृत्ति पाउन सकिन्छ, त्यो हो- जातीय साँस्कृतिकता । यस उपन्यासमा मल्लले वनमान्छे, राउटे कुसुण्डा जस्ता वनजंगल चाहार्दै हिंड्ने र वनकै तरुल, भ्याकुर एवम् आ-आफ्ना रुचि अनुसारका सिकारहरूलाई नै आफ्नो मुख्य खाना र जंगलमै पाइने विभिन्न खाले रेसादार रुख-बिरुवाका रेसाद्वारा तयार पारिएको लुगाहरू लगाएर हिँड्ने जातिहरूको संस्कृति (जस्तैः बसोबासको चलन, भेषभूषा, बिहेवारी आदि) लाई राम्रोसँग चित्रण गरेका छन् । ऐतिहासिक घटना र पात्रहरूलाई मियो मानेर तयार पारिएको यस उपन्यासमा जातीयता र संस्कृतिकतालाई पनि समेटिएको छ । जसलाई मल्लको नयाँ प्रवृत्तिका रुपमा चिनाइन्छ ।

## २.३ निष्कर्ष

यसरी **उजेली छामा** उपन्यास मार्फत् नेपाली साहित्यका फाँटमा प्रवेश गरेका मल्लका हालसम्म आठओटा उपन्यासहरू प्रकाशित भएका छन् । विभिन्न खाले (सामाजिक, राजनैतिक ऐतिहासिक) विषय वस्तुलाई समेटेर लेखिएका उनका यी प्रकाशित उपन्यासहरूले नवीन धाराको प्रादुर्भाव गर्न नसके पनि परम्परागत धारालाई बढावा दिने काम अवश्य गरेका छन् । परिमाणात्मक हिसाबले आठओटा उपन्यासहरू प्रकाशित गर्नु

उपन्यासकार मल्लको ठूलो उपलब्धि मानिन्छ । गुणात्मक दृष्टिले उच्च स्तर प्राप्त नगरे पनि उनका उपन्यास त्यति कमजोर देखिँदैनन् ।

आदर्शोन्मुख सामाजिक यथार्थवादी धारालाई अवलम्बन गरी आफ्नो उपन्यासकारितालाई पाठक सामु ल्याउन मल्लले विषय वस्तुको विविधतालाई समेटे पनि उनका प्रत्येक उपन्यासमा सामाजिकता वा समाज सुधारको भावना पाइन्छ भने शिक्षाको प्रचार प्रसार, ग्रामीण औद्योगिकीकरण, शोषण, दमन, अन्याय, अत्याचार आदिको विरोध गरी समाजमा परिवर्तन ल्याउने स्वर उनका उपन्यासमा घन्केको पाइन्छ । लघु र मझौला आधारका उनका उपन्यास वर्णनात्मक शैलीमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरी सरल र सरस भाषामा लेखिएका छन् । सरल भाषामा मिठास थप्न मल्लले बिचबिचमा उखान-टुक्का, गीत, भजन आदिको प्रयोग पनि गरेका छन् ।

# तेस्रो परिच्छेद

# विधा सिद्धान्तका आधारमा जेली उपन्यासको अध्ययन

## ३.१ विषय प्रवेश

मोहन बहादुर मल्लद्वारा लिखित **जेली** (२०३९) सालमा प्रकाशित उपन्यास हो । प्रकाशनका दृष्टिले यो मल्लको सातौं उपन्यास हो । उनले नेपाली साहित्यका विविध विधामा कलम चलाए पनि विशेष गरी उपन्यास विधालाई सशक्त रूपमा अगाडि बढाएको पाइन्छ । उनका उपन्यासहरूमा वि.सं. २००८ मा **उजेली छामा** उपन्यासको प्रकाशन गरेर सार्वजनिक भएका मल्लका हालसम्म **मायारानी**, **पञ्चायत**, **समथको हुरी**, **भुमरी**, **बहादुर नजर**, **जेली** र **रामछायाँ** समेत गरी आठवटा उपन्यासकृति प्रकाशित भई सकेका छन् । विशेषगरी उनका उपन्यास कृतिहरूमा ऐतिहासिक, सामाजिक र राजनैतिक विषय वस्तु रहेको

पाइन्छ । मल्लको यो उपन्यास सैद्धान्तिक दृष्टिले के कस्तो रहेको छ । त्यसको अध्ययन तलका उपशीर्षकहरूमा गरिएको छ । साथै विधागत तत्त्वका आधारमा उपन्यासको विश्लेषण यसरी गरिएको छ :

## ३.२ जेली उपन्यासको संरचनाविधान

जुनसुकै साहित्यिक कृतिको संरचना अन्तर्गत दुई पक्ष रहेका हुन्छन् । बाह्य संरचना र आन्तरिक संरचना । यी दुबै संरचनाका दृष्टिले **जेली** उपन्यासको विवेचना यस प्रकार गर्न सकिन्छ :

### ३.२.१ बाह्य संरचना

कूल १२८ पृष्ठमा संरचित **जेली** उपन्यास मल्लको मझौला आयामको कृति हो । यस उपन्यासको परिच्छेद वा परिच्छेद छुट्याउनका लागि स्पष्ट रूपमा परिच्छेद वा खण्डका बारेमा संकेत दिइएको छैन । तथापि यसमा विभिन्न किसिमका शीर्षक दिएर त्यसैका माध्यमबाट परिच्छेदको संकेत गरिएको छ । यसमा पात्रलाई पनि उपशीर्षक दिएर आठौं परिच्छेदसम्म पुऱ्याइएको छ भने अरू घटनालाई फरक-फरक उपशीर्षक राखेर जम्मा २४

वटा परिच्छेदमा विभाजन गरिएको छ । जम्मा १२८ पृष्ठको यस उपन्यासका साना ठूला गरी जम्मा २६३ अनुच्छेदहरू रहेका छन् । यस उपन्यासका परिच्छेदगत आयाम, पृष्ठ सङ्ख्या र अनुच्छेद सङ्ख्याको विवरण निम्न तालिकामा प्रस्तुत गरिन्छ :

| परिच्छेद क्रम | पृष्ठ | जम्मा पृष्ठ | अनुच्छेद सङ्ख्या | जम्मा |
|---|---|---|---|---|
| १ | १-७ | ७ | २८ | |
| २ | ७-१२ | ५ | १२ | |
| ३ | १२-१६ | ४ | ९ | |
| ४ | १६-२१ | ५ | ३ | |
| ५ | २१-२७ | ६ | ११ | |
| ६ | ३७-३१ | ४ | १० | |
| ७ | ३२-३६ | ५ | २ | |
| ८ | ३६-४० | ४ | १३ | |
| ९ | ४१-४६ | ५ | १६ | |
| १० | ४६-५१ | ५ | ८ | |
| ११ | ५१-५७ | ६ | ८ | |
| १२ | ५७-६४ | ७ | १७ | |
| १३ | ६५-७० | ६ | ९ | |
| १४ | ७०-७६ | ६ | ९ | |
| १५ | ७६-८१ | ५ | ८ | |
| १६ | ८२-८५ | ४ | ७ | |
| १७ | ८५-९१ | ६ | १२ | |
| १८ | ९१-९७ | ६ | ८ | |
| १९ | ९८-१०३ | ६ | ३ | |
| २० | १०३-१०६ | ३ | १० | |
| २१ | १०६-११२ | ६ | १८ | |
| २२ | ११२-११७ | ५ | १० | |
| २३ | ११७-१२२ | ५ | १६ | |
| २४ | १२२-१२८ | ६ | १६ | |
| जम्मा | | १२७ | २६३ | |

परिच्छेद विभाजन र पृष्ठ सङ्ख्याका दृष्टिले **जेली** उपन्यासको संरचना लगभग सन्तुलित देखिन्छ । न्यूनतम ३ पृष्ठ र अधिकतम ७ पृष्ठ सम्मका छोटा लामा परिच्छेद यस उपन्यासमा देखिन्छन् । जम्मा १२८ पृष्ठका २४ परिच्छेद (दीनदास, देवदास, मानराज, ललिता, गीता, धनराज, लुठे, लता, मनको बह, चोर माथिको चकार, राग, द्वेष, **जेली**, बहुला, जुवाष्टक चक्कर, आँसुको थोपा, तीर्थवासी, चिठी, चिन्ता, पूनर्मिलन, आशा-निराशा, जय-पराजय जननी-जन्मभूमि) रहेकाले प्रत्येक परिच्छेद औसतमा लगभग ५ पृष्ठका देखिन्छन् ।

यस हिसाबबाट प्रस्तुत उपन्यासको पृष्ठगत परिच्छेद योजना लगभग सन्तुलित नै देखिन्छ । पृष्ठगत आयामका दृष्टिले सबैभन्दा लामो परिच्छेद १ र ११ हुन् भने सबैभन्दा छोटो परिच्छेद २० हो । अनुच्छेदगत विभाजनका दृष्टिले भने यस उपन्यासको परिच्छेद पृष्ठ सङ्ख्या र अनुच्छेद सङ्ख्यामा तालमेल देखिँदैन । सबैभन्दा थोरै अनुच्छेद भएका परिच्छेद ४ र १९ हुन् भने सबैभन्दा धेरै अनुच्छेद भएको परिच्छेद १ (जम्मा २८ अनुच्छेद) हो । सबैभन्दा थोरै अनुच्छेद सङ्ख्या भएको परिच्छेदको लमाइ ५ र ६ पृष्ठ भएको देखिन्छ भने सबैभन्दा थोरै अनुच्छेद सङ्ख्या भएको परिच्छेदको लमाइ ७ पृष्ठ रहेको देखिन्छ । त्यस्तै पृष्ठसङ्ख्याको आधारमा सबैभन्दा ठूलो प्रथम परिच्छेदमा जम्मा २८ अनुच्छेद रहेको देखिन्छ ।

उपन्यासकार परिच्छेद र पृष्ठयोजनामा अपेक्षाकृत समेत देखिए पनि परिच्छेद पृष्ठ र अनुच्छेदको त्रिकोणीय योजनामा भने त्यति सचेत हुन सकेका छैनन् । कुनै अनुच्छेद एक पङ्क्तिका मात्र छन् भने कुनै अनुच्छेद ९० पङ्क्तिसम्मका छन् । हुन त कुनै पनि उपन्यासकार यस्ता कुरामा पूर्णतया सचेत हुँदैनन् तर पनि समग्र उपन्यासको आयाममा परिच्छेदगत, अनुच्छेदगत योजना औसतमा सन्तुलन हुनै पर्दछ । यस दृष्टिले **जेली** उपन्यासमा उपन्यासकार त्यति सचेत देखिँदैनन् । परिच्छेद र अनुच्छेदको वितरण त्यति समानुपातिक देखिँदैन । यति हुँदाहुँदै पनि बाह्य संरचनाका दृष्टिले यो उपन्यास सु-संगठित नै देखिन्छ ।

### ३.२.२ आन्तरिक संरचना

आन्तरिक संरचनाका आधारमा हेर्दा यो उपन्यासको वस्तु विन्यास सबल नै देखिन्छ । यसको मूल कथावस्तु सामाजिक समस्यासँग सम्बन्धित रहेको देखिन्छ । यसमा चौविस उपशीर्षक अन्तर्गत देखा पर्ने आठ उपशीर्षक उपन्यासको विषय वस्तुको आरम्भ अर्थात् आदि भागका रूपमा र र नवौं उपशीर्षकदेखि सत्रौं उपशीर्षकसम्म देखा पर्ने विषय वस्तुलाई कथानकको विकासको रूपमा देखिन्छ भने अन्त्यका रूपमा बाँकी अठारौंदेखि चाौबिसौं सम्मको उपशीर्षक अन्तर्गत कथानक देखा पर्दछ ।

यसरी प्रस्तुत उपन्यासको कथानक विकासको अन्तरक्रमलाई हेर्दा सरल ढंगबाट नभई जटिल र अन्तरवस्तुको अनुक्रम भङ्गक्रममा विन्यस्तक्रम भएको देखिन्छ । यसका साथसाथै उक्त उपन्यासको आन्तरिक संरचनाको आदि, मध्य र अन्त्यको सन्तुलनलाई हेर्दा समस्तरमा नै अगाडि बढ्न पुगेको छ ।

## ३.३ शीर्षकीकरण

कुनै पनि साहित्यको कृतिको नामकरण गर्ने प्रविधिलाई शीर्षकीकरण भनिन्छ । शीर्षकबाट उक्त कृतिमा निहित समग्र भाव अर्थ प्रसङ्ग, विचार मान्यता आदिलाई परिलक्षित गरिएको हुन्छ । त्यसैले जुनसुकै कृतिको प्रभावकारिता त्यसको शीर्षकीकरणमा निर्भर रहन्छ । शीर्षक र कृतिको कथ्य विषयका बिचमा निकट सम्बन्ध रहनुपर्दा । कहिलेकाहीँ कृतिकारका प्रवृत्ति वा परिस्थिति अनुकूल कृतिको शीर्षक प्रतीकात्मक लक्षात्मक तथा द्वयार्थक रूपबाट पनि चयन गरिएको हुन्छ ।

प्रस्तुत उपन्यासको शीर्षक **जेली** राखिएको छ । जसको शाब्दिक अर्थ जेलिएको स्थिति वा विघ्न (अधिकारी र भट्टराई २०६१: ३७५) भन्ने हुन्छ । यस कुरालाई दृष्टिगत गर्दा **जेली** उपन्यासको विषय वस्तु भित्र, विभिन्न उपशीर्षकहरू दिइएको छ । ती मध्ये **जेली** पनि समावेश छ । जसमा प्रयुक्त सबै पात्रहरू समस्याको जालोमा जेलिएका देखिन्छन् ।

यसरी **जेली** उपन्यासको शीर्षकीकरणलाई हेर्दा समग्र औपन्यासिक अन्तर विषय वस्तु क्रममा देखा परेको पात्रगत सञ्जाल र घटनागत व्यक्तिक्रमले प्राप्त जेलिएको

अवस्थालाई आधार मानी शीर्षकीकरण गरिएको छ । जुन कुरा उपन्यासका प्रसङ्गलाई केलाउँदा प्रष्ट हुन जान्छः

> . . . ज्वाइँ र दुवै छोरीहरूलाई जोडेर बुढाले उनीहरूको अगाडि एक सुझाव राखे जस मुताविक वर्षदिन भित्रमा जेठी छोरीबाट पुत्ररत्न पैदा भएन भने कान्छी छोरी अवश्य भिनाज्यूसँग बिहा गर्न मञ्जुर हुनुपर्ने । यदि वर्षदिन भित्र आफ्नी पत्नीबाट पुत्र पैदा भयो भने मानराजले कोही कसैलाई विवाह गर्न नपाउने । आफ्नो पिताको यो सुझावलाई कान्छी छोरीले सहर्ष स्वीकार गरेर उसको पितृ-भोक दर्शाइन् । ज्वाइँले पनि यसमा आपत्ति निकालेनन् किन्तु उनले एक **जेली**पत्र अर्थात् दसैं औंलाको सहीछाप गरेको मञ्जुरी पत्रको आवश्यकता देखाए । पिता र दिदीलाई साक्षी राखेर ललिताले एक **जेली**पात्र लेखिदिइन् (पृ. ६६) ।

यो उद्वरणले तत् समयको छोरा नभइ नहुने र छोरा पाउने लोभमा सालीलाई अल्झाएको कुरा स्पष्ट छ ।

> . . . दिनमा बाहिर बाटोमा हिँड्न बिरालोले पहिले बाटो असुरक्षित र सुरक्षितको जाँच गरेर निस्के झैं गरेर उनी बाहिर निस्कन्थिन् । यसमा दीनदास अचम्म परेका थिए यसको **जेली** के हो ? पत्ता लगाउन सकेका थिएनन् एक दिन बाहिर निस्की सकेकी गीता परबाट आउन लागेका देवदास र बिरालोलाई देखेर फरक्क फर्केर घरभित्र पसिन् यो देखेका दीनदासले बल्ल **जेली**को गाँठो फेला पारे (पृ. ६९-७०) ।

उक्त उद्धरणमा गीताले देवदासलाई देखेपछि मनमा झन् ठूलो आँधी ल्याउने भएकाले बाहिर निस्कने बेलामा विचार पुऱ्याएको र देवदास र गीताको पहिलेको प्रेमसम्बन्ध र अहिलेको सम्बन्ध दीनदासले थाहा पाएको प्रसङ्ग छ ।

> . . . खेलभन्दा कसरी खुशी भएका हुन् ती यस्तै उद्योगमा मन लागिदिने भए दरिद्र हटाउन कति सजिलो पर्ने ? दीनदासलाई यो त राम्रै अनुभव भएको छ उनको संघको विभिन्न जुवा महाजेली बनेको छ (पृ. ७०) ।

यसमा जुवातासले धेरै छिटो ठाउँ लिएको तर राम्रो कामभर त्यति चासो नदेखाएको देखेर दीनदास जुवालाई महाजेली सम्झेका छन् ।

यो धर्मसँग जेलिएको हुनाले धर्मबाट केलाएर यसलाई छुट्याउन बडा मुश्किल पर्नेछ । नव-नेपाल निर्माणको निमित्त यो एउटा **जेली** बनेको छ **जेली** (पृ. ८२) ।

यसमा धर्मका नाममा पुरानै प्रविधि भएकाले नयाँ प्रविधि भएमा नयाँ नेपाल बन्ने थियो । पुरानो प्रविधि **जेली** बनेर आएको प्रसङ्ग देखाइएको छ ।

प्रेमबाट विमुख बनेको मलाई मेरो अगाडिको बाटो बढ्ने याजना तपाईहरूकै भेटले छेडखान गर्नेछ । यो मलाई निश्चय लागेको थियो अब काम पऱ्यो अर्कै, मलाई जेलीले अल्झायो (पृ. १०१)

यसमा देवदासले आफूले सबै कुरा थाहा पाएका र मन थाम्न नसकी मद्रासतिर लागेको अवस्थामा गीतालाई मद्रासबाट पठाएको चिठी विचको एक भाग हो ।

. . . म केही नभएको नाङ्गो-नाङ्गो समाजको उत्थानलाई कम्मर कसेको जिन्दगीभर ब्रह्मचार्य रहेर देश सेवा गर्न अघि सरेको व्यक्तिलाई मेरा सहयोगीहरुले, हितैसीहरुले आर्शिवाद दिउन् जेली बनेर मेरो बाटोमा रोकावट नगरिदिउन् (पृ. १०३)

यस उद्धरणमा दीनदासले देवदासलाई गीतासँग नजिकको सम्बन्ध राखेको  छ कि भन्ने शंकालाई प्रष्ट्याएको छ ।

मेरो मनलाई एक उद्धरणमा ललिताको पिताले दीनदास र ललितालाई मिलाइदिएको प्रसङ्गका साथै सबै समस्याको समाधान भएको छ ।

यसरी प्रस्तुत उपन्यासमा सामाजिक कुरीति, अन्धविश्वास जुवा, नाम, प्रेम आदिमा जेलिएको सामाजिक समस्यालाई सशक्तरुपमा देखाइनुका साथै समाधान पनि भएको छ । त्यसैले **जेली** शीर्षक अभिधात्मक रुपमा नै सार्थक रहेको मान्न सकिन्छ ।

## ३.४ कथावस्तु

### ३.४.१ कथासार

यस उपन्यासका प्रमुख पात्र दीनदास र ललिता नायक नायिकाको रूपमा प्रस्तुत भएका छन् । दीनदास सुरुमा अरूको पसलमा बाबुले ऋण तिर्न नसकेर ऋण चुक्ता नहुन्जेलसम्म काम गर्न राखिएको पुरुष पात्र हो भने ललिता धनाढ्य परिवारकी एक नारी हो । एकदिन ललिता र उसको नोकर्नी गीता दीनदासको पसलमा पुग्छन् र त्यहाँ बसी विभिन्न किसिमका राजनैतिक बहसहरू गर्छन् । त्यसै समयमा धनराज साहु आई पुग्छ र दीनदासलाई एकदमै गाली गरी पारपत्र दिइ पसलबाट निकाल्छ ।

दुई नारीहरू पनि आफ्नो घरतिर लाग्छन् र दीनदासलाई गरेको व्यवहारका बारेमा छलफल गर्छन् । अन्त्यमा ललितालाई दीनदासको व्यवहार देखेर माया जाग्छ । दीनदास त्यो पसलबाट निस्केपछि दीनदुःखीको सेवा गर्न एउटा भिक्षु उद्घार संघ खोल्छ । त्यही संघको सभापति भएर काम गर्छ । यसै सिलसिलामा गीता पनि ललिताको माध्यमबाट त्यही संघको सदस्य हुने अवसर पाउँछे । ललिताका पिताको रोगको कारण, ललिता काठमाडौं बस्न नसकी वीरगञ्जतिर बसाई सर्छे र दीनदासको बारेमा यावत कुरा लेखी पठाउन गीतालाई भन्छे ।

गीता ललिताको दिदीको घरमा काम गर्न बसेकी नोकर्नी हो । मानराज जुन ललिताको भिनाजु हो जसले गीताका बारेमा नराम्रा-नराम्रा  चिठी पठाइ उनीहरू दुई जनाको सम्बन्ध टुक्र्याउँछ र गीतालाई पनि आफ्नो् घरबाट निकालिदिन्छ । गीता पहिले खानदानी छोरी भए पनि उसको बाबुले जाँडरक्सी र जुवातासमा आफ्नो सर्वस्व सम्पत्ति सिध्याइ बिजुलीको तारमा झुण्डिएर मरेपछि उसको आफ्नो भन्ने कोही हुँदैन ।

देवदास गीतासँगसँगै पढेको साथी हो । बाबाको सरुवा हुँदा छुट्टिएर टाढा उनीहरु बस्नु परे पनि चिठीको माध्यमबाट भेट हुन्थे, पछि विस्तारै त्यही चिठीमा पनि देवदासको दाजुले जासुसी गरेर भाइलाई नदिन थालेपछि यिनीहरूको सम्बन्ध टुक्रिएको जस्तो हुन्छ । बेसहारा बनेकी गीता दीनदासले खोलेको संघको सदस्य भएपछि पनि बिचमा विभिन्न बाधा अड्चनको सामना गर्दा गर्दैमा पनि बिरामी पर्छे र दीनदासले नै आफ्नो कोठामा लगेर

स्याहार-सुसार, औषधीमूलो गरी सञ्चो पार्छ र उनीहरुले सडक बालबालिकालाई जम्मा गरी पढाउन लगाउँछन् । यसै क्रममा गीताले देवदासलाई देख्छिन् र देवदासले गीतालाई । दुवै रिसले चुर हुन्छन् तर बोल्दैनन् । अन्त्यमा ललिता पनि झुट कुरा लेखी पठाएका चिठीको आधारमा गीतासँग रिसाउँछे र गीता भेट्न जाँदा पनि भेट नदिने भनी पालेलाई ढोका लगाउन भन्छे ।

ललिताले एकातिर दीनदासलाई मन पराउँछे भने अर्कोतिर भिनाजुले आँखा गाडेको हुन्छ । साथै भिनाजुले दिदीले एक वर्ष भित्रमा छोरा नजन्माए बिहे गर्ने सर्त सहितको **जेली**पत्र दश औंठाको छाप लगाई सुरक्षित राख्छ र बिच-बिचमा साली बिहे गर्न पाइन्छ भन्ने दाउमा गम्किरहन्छ । त्यसैको पीडाले गर्दा ललिता दिनका दिन सुक्न थाल्छे र केही पनि खाँदिन । ललिताको पिताले छोरीको बेहाल देखेपछि घुमाउन भारततिर लैजान्छन् ।

देवदास दिक्क मानेर भारतनिर घुम्न गएका हुन्छन् । भारतमा यिनीहरूको भेट हुन्छ र सँगसँगै चारधाम जताततै घुम्छन् । घरिघरि देवदासको मुखबाट गीत निस्कन्छन् र यिनै गीतहरूका स्वर सुनेपछि ललितालाई कता-कता राहत भए जस्तो लागेर सुन्थी भने अरूबेला टोलाएर मात्र बस्थी । चारधाम जताततै घुमाउँदा पनि छोरी सञ्चो नभएपछि उसको पितालाई साह्रै चिन्ता पर्छ । देवदासले पनि आफ्नो दाजुले त्यत्रो नराम्रो काम गरेको थाहा पाएपछि मनमा शान्ति लिन नसकेर भौतारिँदै बनारस गएको बेला त्यहीबाट यावत कुरा लेखी दीनदासलाई चिठी पठाउँछ भने ललिताले पनि दीनदास र गीतालाई । चिठीको आदान-प्रदानले गर्दा देवदास र दीनदास मात्र सबै कुरामा छर्लङ्ग भए भने गीता र ललिता हुन पाएनन् । किनकी गीताले ललिताको चिठीको जवाफ पनि फर्काइन् र देवदासको चिठी ग्रहण गर्न पनि मानिन त्यसैले गीता पलपलमा मरेकी हुन्छे ।

अन्त्यमा सबै पात्रहरू नेपाल आएपछि सम्पूर्ण घटनाको वृतान्त चिठीको माध्यमबाट वास्तविकता खुलेपछि दीनदासको ललिता नै भइन् भने देवदासले सजाएकी गीता पनि उनकै हातमा जिम्मा दिएर ललिताको पिताले शान्तिको सास फेरे । यसरी कथावस्तुको अन्त्य सुखान्तमा टुङ्गिएको छ ।

## ३.५ उपन्यास तत्त्वका आधारमा जेली उपन्यासको विश्लेषण

उपन्यास संरचनाका लागि नभै नहुने महत्त्वपूर्ण कुराहरूलाई उपन्यासका तत्त्व भनिन्छ । यस्ता तत्त्वहरू कतिपय अनिवार्य हुन्छन् भने कतिपय गौण वा सहायक रूपमा रहेका हुन्छन् । विभिन्न विद्वान्हरूले आ-आफ्नै दृष्टिकोण अनुसार उपन्यासका तत्त्वहरू बारे चर्चा गरेका छन् । कृष्ण चन्द्र सिंह प्रधानले कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण र उद्देश्य राखेका छन् (प्रधान र थापा, २०६१, पृ. १३) । हिमांशु थापाले कथावस्तु पात्र, संवाद, भाषाशैली वातावरण र उद्देश्य (हिमांसु, २०५०, पृ. १२७) । केशव प्रसाद उपाध्यायले कथावस्तु, चरित्र, संवाद, देशकाल-वातावरण, शैली, र जीवन दर्शनलाई (उपाध्याय, २०४९, पृ. १५३) । उपन्यासका तत्त्वका रूपमा लिएका छन् । कतिपय पाश्चात्य आलोचकहरूले कथावस्तु, चरित्र, कथोप कथन र वर्णन गरी चार कुरालाई उपन्यासका प्रमुख तत्त्वका रूपमा स्वीकार्छन् अनि वातावरण उद्देश्य र शैलीलाई तिनै चार तत्वमा अन्तभूत ठान्दछन् ।

कृष्णहरि बराल र नेत्र एटमले कथानक, चरित्र र चरित्र चित्रण, पर्यावरण, दृष्टिविन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्व, गति र लयलाई उपन्यासका तत्त्वका रूपमा लिएका छन् ( बराल र एटम्, २०५६, पृ. २३) ।

यी विभिन्न विद्वान्हरूका विचारलाई हेर्दा उपन्यासको आधारभूत तत्त्वका बारेमा मतैक्य देखिँदैन । विभिन्न विद्वान्हरूको धारणालाई मनन गरी उपन्यासका प्रमुख तत्त्वहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

क कथानक

ख चरित्र

ग पर्यावरण

घ दृष्टिविन्दु

ङ भाषाशैली

च उद्देश्य

यी माथिका तत्त्वहरूको आधारमा **जेली** उपन्यासको विश्लेषण तल गरिएको छ ।

### ३.५.१ कथानक

उपन्यास संरचनाका लागि आवश्यक पर्ने विभिन्न तत्त्वहरू मध्ये सबैभन्दा महत्त्वपूर्ण तत्त्व कथानक हो । कथानक उपन्यासको कच्चा सामग्री हो । कथानक भन्नाले कार्य कारण शृङ्खलामा आबद्ध कथावस्तु वा घटनाक्रम हो । कथानकमा धेरै घटनाहरूको संयोजन रहेको हुन्छ । यी घटनाहरू कार्य कारण सम्बन्धद्वारा कसिएको र व्यवस्थित गरिएका हुन्छन् । विभिन्न घटना र तिनीहरूको एक सूत्रताको माध्यमबाट जुन एउटा कथानक बन्दछ, त्यस्तो कथानक उपन्यासको प्राण हो (न्यौपाने, २०५९, पृ. २०३) ।

कथानकमा तर्क, बुद्धि, कल्पना जस्ता साधनहरूको प्रयोग गरी घटनाहरूको लामो साङ्लो प्रस्तुत भएको हुन्छ । घटनाहरूको प्रस्तुति कार्य कारण सम्बन्धमा आधारित हुने हुनाले यसको सम्बन्ध उद्देश्य र विचारसँग पनि घनिष्ठ रूपले गाँसिएको हुन्छ । कथानक उपन्यासको मूल ढाँचा निर्माणको त्यस्तो आधारभूत तत्त्व हो, जुन कार्यकारण शृङ्खलाका घटनाहरूद्वारा व्यवस्थित र योजनाबद्ध तरिकाले जोडिएको हुन्छ ।

**जेली** उपन्यास जालोमा जेलिएको समस्या प्रधान सामाजिक उपन्यासका रूपमा चिनिन्छ । यस उपन्यासको कथावस्तु पात्रका जीवनमा घटेका सामाजिक घटनासँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको हुन्छ । उपर्युक्त कथावस्तुलाई सबल बनाउन तत्कालीन काठमाडौं, वीरगञ्ज र भारतको परिवेश चित्रण पनि यहाँ प्रभावकारी रूपमा गरिएको छ । प्रस्तुत उपन्यासमा सामाजिक घटनाक्रम जुवा-तासलाई मात्र कथानक बनाइएको छैन बरु दीनदास, ललिता, देवदास र गीतासँगको प्रेम सम्बन्ध, सामाजिक, सांस्कृतिक समस्याहरू आदि कथानक भएर आएका छन् । लेखकले यस उपन्यासलाई पूर्णतः सामाजिक उपन्यास नै हो भनेको पाइन्छ ।

**जेली**लाई सामाजिक उपन्यास यस आधारमा भन्न सकिन्छ कि यस उपन्यासको निर्माणको प्रमुख आधार सामाजिक संस्कार सम्बन्ध, समस्या, जुवातास आदि रहेका छन् । समाजमा घटेका, घट्ने र घट्न सक्ने समस्याहरूको समन्वय गरी एउटा सिंगो उपन्यासको स्वरूप तयार पारिएकाले यो सामाजिक उपन्यास हो । समाजमा प्रेम प्रणय, घात प्रतिघात, दाउपेच, विद्रोह, दमन आदिजस्ता घटनाहरू घटन सक्ने हुनाले यस प्रकारका घटनाहरूको समन्वय गरी यो उपन्यास तयार पारिएकाले यो सामाजिक उपन्यास हो ।

**जेली** उपन्यासको कथावस्तु काठमाडौं परिवेशमा घटेका घटनाहरूको योजनाबद्ध तथा सङ्गठित रूपान्तरण हो । यस उपन्यासमा वर्णित चरित्रहरूको जीवनमा घटित घटनाहरूको विश्लेषणका साथै सामाजिक कुरीति जुवा, तास, मगन्ते प्रथा प्रतिको उद्‌घाटन नै **जेली** उपन्यासको कथावस्तु रहेको छ । यस उपन्यासमा गन्तव्य स्थानमा पुग्नका लागि बिचमा अवरोध उत्पन्न गर्ने सांसारिक बन्धनलाई **जेली** मानिएको छ । मल्लले यस उपन्यासको कथानक विभिन्न खाले पात्रहरूसँग सम्बन्धित प्रसङ्गका साथ त्रिकोणात्मक रूपमा प्रस्तुत गरेका छन् । दीनदास, ललिता, देवदास, गीता, मानराज, लता आदि पात्रसँग सम्बन्धित प्रसङ्गहरूको समन्वयबाट यस उपन्यासको कथानक बनाइएको छ । यिनमा मुख्य स्थान दीनदास र ललितासँग सम्बन्धित प्रसङ्गले लिएको पाइन्छ । यी सम्पूर्ण घटनाहरूले सामाजिक संस्कार सम्बन्ध आदिका समस्याहरूलाई उद्‌घाटन गरेका छन् । जुवा, तास, लागू पदार्थको सेवन चोरी डकैती जस्ता मानिसमा हुने कुप्रवृत्ति र मगन्ते प्रथा तथा धर्मप्रतिको प्राचीन मान्यता प्रतिको असन्तोष मल्लले यस उपन्यास मार्फत् प्रस्तुत गरेका छन् । साथै मानिस जस्तोसुकै जालोमा जेलिए पनि त्यसलाई बुद्धिमानी पूर्वक सुल्झाउन सकेमा त्यसको परिणाम पनि राम्रो हुन्छ भन्ने कुरा देखाउन खोजिएको छ ।

उपन्यासमा प्रतीकात्मक रूपमा प्रस्तुत गरिएका पात्रहरूमा धनराज धनकै ध्याउन्नमा छ; मानराज मानकै खातिर मरिमेट्छ, दीनदास दीन दुःखीकै सेवामा समिर्पत रहन्छ भने गीत गाउने गीता निष्काम भावले सामाजिक कार्य गर्छे । यस उपन्यासमा विकृति र सुकृतिको हुन्छ । सुकृतिको जीत हुनासाथ विकृति हराउँछ र आखिरमा सारा पात्र सुन्दर रूपमा देखा पर्छन् । काठमाडौंको वातावरणलाई प्रस्तुत गरिएको यस उपन्यासमा भ्रमणको क्रममा गएका स्थानहरू वीरगञ्ज र भारतका विभिन्न स्थान रहेका छन् । वर्णनात्मक र संवादात्मक शैलीमा लेखिएको यस उपन्यासमा बिच-बिचमा गीत, कविता, चिठी आदिको समायोजन पाइन्छ ।

प्रस्तुत उपन्यासको कथानकको आदि मध्य र अन्त्यको क्रमिक विकासमा विस्तारित भएको रैखिक किसिमको कथानक रहेको छ । तैपनि बिच-बिचका परिच्छेदमा पत्रद्वारा सबैका घटनाक्रमको अवगत हुनुले कथानकको सोझो बहावमा केही रोकावट पैदा भएको पाइन्छ । यद्यपि यसलाई पूर्वदीप्ति शैलीको अवलम्बनद्वारा कथानकको मूल प्रवाहमै बाधा नपर्ने गरी मिश्रण गरेकाले त्यस उपन्यासको कथानकको रैखिक विकासलाई नकार्न सकिँदैन ।

प्रस्तुत उपन्यासको पहिलो परिच्छेददेखि आठौं परिच्छेदसम्मको घटनाक्रमलाई आदि भाग मान्न सकिन्छ भने नवौं परिच्छेददेखि सत्रौं परिच्छेदसम्मका सम्पूर्ण घटनाक्रमहरू यसको मध्य भाग विकास भाग हुन् । त्यस्तै अठारौं परिच्छेददेखि चौविसौं परिच्छेद चाहिँ यस उपन्यासको अन्त्य भागका रुपमा रहेको छ ।

### ३.५.२ चरित्र

चरित्रलाई कतै पात्र, कतै सहभागी र कतै कार्यव्यापार आदिका नामबाट पनि चिनाउने गरिन्छ । उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ (बराल र एटम, २०५६, पृ. २९) । उपन्यासको कथानकमा आएका घटनाहरू सम्बन्ध, हुँदै कथानकलाई सजीव बनाएर गति दिने सहभागी नै चरित्र वा पात्र हो । पात्रहरू कतिपय नैतिक र अभिवृत्तीय गुणहरूले युक्त हुन्छन् । नैतिक र अभिवृत्तीय गुणले युक्त पात्र नै चरित्र हुन् (शर्मा, २०४८: पृ. १२४ ) । पात्र उपन्यासको कथावस्तुसँग प्रत्यक्ष रूपमा सम्बन्धित भएर आएको हुन्छ र उसको चारित्रिक विशेषताले वा चारित्रिक गतिशीलताले नै उपन्यासको कथावस्तु विकसित हुन्छ । उपन्यासमा पात्रसँगै उसको चरित्र र आनीबानी, व्यवहार, क्रियाकलाप आदि आउने हुनाले उपन्यासकारले चारित्रिक विशेषताको निर्धारण गरे पश्चात् नै पात्र वा चरित्रको प्रयोग उपन्यासमा गरिएको हुन्छ ।

उपन्यासमा प्रयुक्त चरित्रको विश्लेषण विभिन्न आधारमा गरिन्छ । **जेली** उपन्यासमा प्रयुक्त पात्रहरूलाई विविध आधारहरूका कसीमा राखेर उनीहरूका समग्र चारित्रिक विशेषताहरूको साङ्गोपाङ्ग निरूपण गरिएको छ ।

**जेली** उपन्यासमा प्रयुक्त पात्रहरूको भूमिकागत स्थितिलाई तालिकामा निम्नानुसार देखाउन सकिन्छ :

## तालिका सङ्ख्या २

| आधार | | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | पात्रहरू | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्गीय | व्यक्तिगत | मञ्चीय | नेपथ्यीय | बद्ध | मुक्त |
| १ | दीनदास | + | - | + | - | - | + | - | - | + | + | - | + | - | + | - |
| २ | देवदास | + | - | - | + | - | - | + | + | - | - | + | + | - | + | - |
| ३ | ललिता | - | + | + | - | - | + | - | + | - | - | + | + | - | + | - |
| ४ | गीता | - | + | - | + | - | + | - | - | + | + | - | + | - | + | - |
| ५ | मानराज | + | - | - | + | - | + | - | - | + | + | - | + | - | + | - |
| ६ | लता | - | + | - | + | - | + | - | - | + | + | - | + | - | + | - |
| ७ | धनराज | + | - | - | + | - | + | - | - | + | - | + | + | - | + | - |
| ८ | लुठे | + | - | - | + | - | - | + | + | - | - | + | + | - | + | - |
| ९ | बिराले | + | - | - | + | - | - | + | + | - | - | + | + | - | + | - |
| १० | रिठ्ठे | + | - | - | + | - | - | + | + | - | - | + | + | - | + | - |
| ११ | घक्कु | - | + | - | - | + | + | - | - | + | - | + | - | + | - | 1 |
| १२ | पञ्जु | - | + | - | - | + | + | - | - | + | - | + | - | + | - | 1 |
| १३ | चमेली | - | + | - | - | + | + | - | - | + | - | + | + | - | + | - |
| १४ | बुढी बज्यै | - | + | - | - | + | + | - | - | + | - | + | + | - | + | - |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | बाल बालिका | + | + | - | - | + | + | - | - | + | - | + | - | + | - | - |
| १६ | उस्ताद | + | - | - | - | + | + | - | - | + | - | + | - | + | - | - |
| १७ | मानराजका ससुरा | + | - | - | + | - | + | - | - | + | - | + | + | - | + | - |
| १८ | देवदासको दाजु | + | - | - | + | - | - | + | + | - | + | - | + | - | - | + |
| १९ | बाहुन | + | - | - | - | + | + | - | - | + | + | - | - | + | + | - |
| २० | बाहुनी | - | + | - | - | + | + | - | - | + | + | - | - | + | + | - |
| २१ | नोकर | + | - | - | - | + | + | - | - | + | + | - | - | + | + | - |
| २२ | नोकर्नी | - | + | - | - | + | + | - | - | + | + | - | - | + | + | - |
| २३ | मुखिया | + | - | - | - | + | - | + | - | + | + | - | + | - | + | - |
| २४ | च्यामे | + | - | - | - | + | - | + | - | + | + | - | + | - | + | - |
| २५ | पोडे | + | - | - | - | + | - | + | - | + | + | - | + | - | + | - |
| २६ | पुलिस | + | - | - | + | - | - | + | - | + | + | - | + | - | + | - |
| २७ | दीनदासको पिता | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| २८ | दीनदासको | - | + | - | - | + | + | - | - | + | + | - | - | + | - | + |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | माता | | | | | | | | | | | | | | | |
| २९ | दीनदासको दाजु | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| ३० | मास्टर | + | - | - | - | + | + | - | - | + | + | - | + | - | - | + |
| ३१ | मानराजका मित्र | + | - | - | + | - | + | - | + | - | + | - | + | - | - | + |
| ३२ | युवक | + | - | - | - | + | - | + | - | + | + | - | + | - | - | + |
| ३३ | करीवीर मसान | + | - | - | - | + | - | + | - | + | + | - | - | + | - | + |
| ३४ | मलामी | + | - | - | - | + | - | + | - | + | + | - | - | + | - | + |
| ३५ | लुठेका पत्नीहरू | - | + | - | - | + | - | + | - | + | + | - | - | + | - | + |

यसरी हेर्दा **जेली** उपन्यासमा सबैखाले चरित्रहरूको प्रयोग भएको देखिन्छ । उपन्यासमा मञ्चीय र नेपथ्य रूपमा पैंतिस जना चरित्रको प्रयोग गरिएको छ । ती मध्ये केही मुखय, केही सहायक र गौणका अवस्थामा भूमिकारत छन् । जसलाई निम्नलिखित ढङ्गबाट हेर्न सकिन्छ :

### ३.५.२.१ मुख्य चरित्र

**(क) दीनदास**

दीनदास उपन्यासको नायक र प्रमुख पात्र हो । यो चरित्र प्रधान उपन्यास भएकाले दीनदासको चरित्र चित्रण सबल र प्रभावकारी रूपमा गरिएको छ । दीनदास एक निम्न वर्गीय परिवारको पात्र भएकाले उसले पेट भर्नको लागि एउटा साहुको पसलमा काम गर्छ तर त्यो साहुले विनाकारण निकालिदिएपछि एउटा संघ खोल्छ र सबै मगन्ते र दु:ख पाएकाहरूलाई हेर विचार गर्छ । उसले 'भिक्षु उद्वार संघ' खोली, आफू त्यसैको सभापति भएर संस्था चलाउँछ । उसको नाम अनुसारको काम पनि दीनदु:खीको सेवा गर्नु रहेको छ । उपन्यासकारले दीनदासकै कथनबाट सेवाभावयुक्त चरित्रको चित्रण यसरी गरेका छन् :

". . . यसरी अमूल्य समय भगवान्को नाउँमा बलिदान नगरेर उहाँहरूले साधु-सन्त, दीन-हीन, बाल-बृद्ध आदि असहायहरूको सहायता गरेझैं हामीले पनि गर्नाले यसमा सबैको कल्याण छ" (पृ. १०) ।

यस्तो निश्चलता, सरलता, सहयोगी भावना भएको चरित्रको रूपमा दीनदासलाई पाउन सकिन्छ । उपन्यासको नायकका रूपमा उसले आफ्नो उदारता र विनयशीलता प्रदर्शन गरेको छ । गीतालाई अप्ठ्यारोमा परेको बेला यथासक्य सेवा पुऱ्याइ उसको मन जितेर प्रिय मित्र बनी आफ्नै घरमा बस्ने व्यवस्था मिलाएको छ । दीनदासले धेरै सामाजिक काम गरेको छ । दु:ख पाएका सडक बालबालिकाहरूलाई शिक्षा दिनु खान बस्नको व्यवस्था मिलाउनु, बिरामीको सेवा गर्नु समस्यामा परेकालाई सहयोग गर्नु आदि उसका सामाजिक काम हुन् ।

यसैगरी दीनदासको जीवन भोगाइ सम्बन्धी दृष्किोण यस्तो रहेको छः

> आधी बेरी सधैं रहन्न । दुःख-सुख कुमालेको चाकी झैँ घुमेको छ, दिनरात झैं फर्केको छ । सहनेको सयसिद्धि । मानिसले बरु सबै चिज खाओस् हरेस नखाओस् । जीवनमा अनेकौं संघर्ष परिआउँछ, जीवन नै संघर्षमय छ । हरूवा त्यही हो जसले आत्मघात गर्दछ । यो संसार भोग्य पदार्थले भरिएको छ; पुरूषार्थीहरू जिब्रोले टड्कारो मार्छन्, नादानहरू जिब्रोले र्‍याल चाट्छन् । हामी रोएर मर्ने किन ? संसार कामधेनु हो, त्यसलाई टुहुन हात दह्रो पार्नु पर्ने हुन्छ (पृ. ६४) ।

दीनदास उपन्यासको निम्न वर्गीय जीवनको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । उसको आर्थिक दुरावस्थाको दुर्दान्त परिस्थिति भोगिरहेको यथार्थ चरित्र हो । ऊ आवद्धताका आधारमा बद्ध पात्र हो किनकी उसकै भूमिका प्रमुख भएकाले उसलाई हटाउँदा बित्तिकै उपन्यास लङ्गडो बन्न पुग्छ । आसन्नताका आधारमा मञ्चीय पात्र हो । उसका सम्पूर्ण कार्यहरू मञ्चमा प्रस्तुतयोग्य छन् । स्वभावका आधारमा अनुकूल पात्रका रूपमा चित्रित छ । संक्षेपमा दीनहास निश्छल, सहयोगी, सरल, संघर्ष शील र आशावादी पात्र हो ।

**(ख) ललिता**

ललिता यस उपन्यासकी प्रमुख नारी पात्र वा नायिका हो । ऊ उच्च खानदानकी भए पनि दीनदास जस्तो निम्न वर्गीय पात्रसँग प्रेम गर्छे । उसले दीनदासको दुःख र पीडालाई आफ्नै पीडा सम्झेर सुसारे अर्थात् दिदीको घरमा काम गर्ने गीतालाई उसका बारेमा सबै कुरा लेखी यावत् जानकारी हासिल गराउन लगाउनुका साथै साथीको जस्तो व्यवहार गर्ने सत् चरित्र भएकी नारीका रूपमा यस उपन्यासमा उभ्याइएको छ ।

ललितामा अध्ययन बढी हुनुका साथै छिटो रिसाउने र शंका गर्ने बानी पनि छ । यति हुँदाहुँदै ऊ भावुकतामा पौडी खेल्ने नारी पनि हो । उपन्यासकारले ललिताको स्वभावको प्रसङ्गमा भन्छन् :

"बोलेको कुरा नगरी नछाड्ने । ललिताको स्वभाव थियो (पृ. ४२) । त्यस्तै अर्को

प्रसङ्गमा भन्दछन् :-

> “. . . उनी स्वभावले अहङ्कारिणी र अभिमानिनी त छँदै थिइन् औ कसैसँग दब्न उनलाई टाउको काटिएको जस्तो लाग्थ्यो (पृ. ५७) ।

भिनाजुले मन पराएको र आफ्नी श्रीमतीले छोरा नपाए बिहे गर्ने सर्तमा **जेली**पत्र राखेपछि आफूले भिनाजुसँग बिहे गर्न मन नपराइ आर्थिक अवस्था अलि ठिकै भएको दीनदासलाई मनमनै सजाएर राखेकी छ । भिनाजुको कुराबाट ऊ एक्लै कोठामा रोएर पनि बस्छे । सुरुमा गीतालाई साथी बनाएर दीनदासको बारेमा जान्ने चाहना राख्ने र बिचमा दिदी भिनाजुले गीताको नाममा कलङ्क लेखी ललितालाई वीरगञ्जमा पठाएपछि गीतालाई नराम्रो दृष्टिले हेर्छे । अन्त्यमा सबै घटना सिलसिलाबद्ध रूपमा थाहा भएपछि चिन्ता व्यक्त गर्छे ।

यस्तै गरी ललिता सहयोगी, उदार पात्रका रूपमा पनि चित्रित छे । भिक्षु उद्धार संघमा सहयोगका लागि पैसा पनि पठाउँछे । उसलाई आफ्नै भिनाजुले आँखा गाडेपछि मानसिक रूपमा बिरामी पर्छे । बिरामीको उपचारको लागि आफ्नै पिताले भारतको विभिन्न ठाउँ धर्मस्थलमा पुऱ्याउँछ । छोरीलाई सञ्चो नभएपछि नेपाल फर्केर दीनदाससँग पिताले मिलन गराएपछि उसको रोग निको हुन्छ । उसले यस उपन्यासमा नेपाली नारीको स्वभाविक चरित्र देखाउँछे । आफ्नै आवेशपरक सोचाइबाट प्रताडित भएर शून्य जीवन बिताउने नारीको प्रतिनिधित्व उसले उपन्यासको बिच बिचमा गरेकी छ भने अन्त्यमा पुर्नर्मिलन भएको छ ।

ललिता यस उपन्यासकी प्रमुख नायिका हुनुका साथै अत्यन्त गम्भीर, व्यावहारिक सहयोगी, मित्रवत् र कुशल नायिका पनि हो । उपन्यासमा प्रारम्भदेखि अन्त्यसम्म फरक-फरक उपशीर्षकमा फरक-फरक र पात्रचरित्रको मनोव्यथा विश्लेषण गरे पनि ललिताको नै चरित्र प्रमुख रूपमा प्रवाहित भएको छ । ललिता आफ्नो भिनाजुको श्रीमती बन्ने कुरामा बाहेक अरू कुरामा सकारात्मक छ । ऊ यस उपन्यासकी बद्ध, पात्र हो । आसन्नताका आधारमा मञ्चीय पात्र हो भने स्वभावका आधारमा स्थिर पात्र हो । त्यस्तै जीवन चेतनाका आधारमा वर्गीय र प्रवृत्तिका आधारमा अनुकुल चरित्रका रूपमा लिन सकिन्छ ।

संक्षेपमा ललिता आफ्नो कुरामा हठी अड्कारी भए पनि सहयोगी र उदार नारीका रूपमा चित्रित छ ।

### ३.५.२.२ सहायक चरित्र

**(ग) देवदास**

देवदास दाजुको रेखदेखमा हुर्केको पात्र हो । ऊ जाँड-रक्सी जुवातासबाट टाढै रहने व्यक्ति हो । किनकी यहाँ उसको पहिरनबाट स्पष्ट हुन्छः

> ". . . उनको पहिरन सफेद धोती, कमीज, कलेजी रङ्गको दोसल्ला बस वस्त्र भन्नुमा यत्ति । यी बाहेक उनको शरीरमा अरू तीन चिजहरू छन् नाडीघडी, चस्मा र जुत्ता । उनको कम्मरसम्म आउन खोजेको केशरासी बसाउने तेल हालेर लरक्क पारेर कोरिएको हुन्छ" (पृ. ८) ।

ऊ सानो छँदा गीतासँग खेल्ने, पढ्ने गरेको थियो । त्यसैले यिनीहरू साथी हुनुका साथै यिनीहरूका पिताहरू पनि सँगै जागिर खान्थे । गीताको पिताको सरुवा हुने बित्तिकै यिनीहरू छुट्टिनु परे पनि छुट्ने बेलामा गीतासँग जीवन जीउने भाकल पशुपतिमा गरेका थिए :

> "देवदासले गीतासँग सुटुक्क एउटासुझाव पेश गरे जसको मतलब थियो - ती दुईमा यस्तो एउटा **जेली** जेलियोस् जसबाट ती दुवैको छुट्टि जिन्दगीभर हुन नपरोस्" (पृ. ४४) ।

देवदास दाजुले धनाढ्य केटीसँग बिहे गर्ने कुरा चलाएपछि घर छोडेर पशुपतिको आश्रममा बसेको एक युवक हो । उसको साथमा एकजना बाहुन र अर्को सेवक पनि सँगै भएकाले मध्यमवर्गीय जीवन बिताएको एक पात्र हो । उसले सधैं भजन गाउँछ, अनि त्यसको मात्र कुरा गर्छ । नाम अनुसारको काम भएकाले सधैं पाठपूजा गर्ने, देवताको दास जस्तै भएर बसेको हुन्छ । एक प्रकारले घमण्डीजस्तै भएर बसेको हुन्छ । अन्त्यमा ऊ आफ्नो घमण्डीपन चूर्ण गर्ने गतिशील पात्रका रुपमा देखा पर्दछ । गीतालाई मन पराएपछि सँगै जीवन बिताउने सर्तमा पशुपतिमा भाकल गरेको देवदास गीतालाई नपाउँदा दुःख दिन

थाल्ने र सम्पूर्ण कुरा जानकारी भैसकेपछि गीताकै संघमा आवद्ध भएर काम गर्ने गतिशील पात्रका रूपमा उपन्यासमा चित्रित छ ।

यद्यपि देवदास यस उपन्यासको सहायक पात्र हो तथापि उसको भूमिका उपन्यासमा धेरै छ । ऊ व्यक्तिगत, बद्ध, मञ्चीय, गतिशील र अनुकूल पात्र हो भने संक्षेपमा भन्दा देवदास सधैं पूजा गरिरहने, सुख भन्ने कुरा देवी देवताको आडमा बसेपछि हुने कुरा हो भन्ने अलि घमण्डी पाराको पात्रको रूपमा देखा पर्दछ ।

### (घ) गीता

गीता नेपाली जनमानसकी एक असहाय नारी पात्र हो । बाबुको करेन्ट लागेर मृत्यु भएपछि बाह्र हजार ऋण तिर्नको लागि दरबारमा छिरेकी र त्यसको ६ महिनामै निकालिएकी नारी पात्र हो । त्यसपछि अर्को मानराज साहुको घरमा ऋण चुत्ता गर्न सुसारेको काम गर्न बाध्य भएकी गीताको आफ्नो भन्नु कोही हुँदैन । पराइलाई आफ्नो ठान्दै जीवन जीउन बाध्य गीता सानो उमेरमा आफ्नो पिताको साथीको छोरा देवदाससँगै खेल्ने, पढ्ने, घुम्ने गरेकी र छुट्टिएर वीरगञ्ज जानेबेलामा पशुपतिमा गई कहिल्यै नछुट्टिने, दुवैले सँगसँगै जीवन जिउने भाकल गरेकी गीताको जीवन ज्यादै दुःख र पीडामा बितेको हुन्छ । आफ्नो बाबुको मृत्युपछि विभिन्न ठाउँमा सुसारेको काम गरेर भए पनि बाबुको ऋण चुक्ता गरिन् । उनको आफ्नो भनी अडिने ठाउँ नभएको कुरालाई यसरी व्यक्त गरिएको छ :

> “पिताको हाड सुकिलो गराउने उनले गराइन्, पितृआज्ञा पालन गर्नु पर्ने गरिन् । अब उनलाई यो जगत्मा टेकेर जेलेर अडाउने **जेली** केही रहेन (पृ. ६१)

यसरी आफ्नो काममा जिम्मेवारीपूर्वक निर्वाह गर्ने आज्ञाकारी पात्रका रूपमा गीतालाई लिन सकिन्छ ।

गीताको दैनिक कार्य हेर्दा कम बोल्नु, गीता पाठ गर्नु, विद्यार्थी पठाउनु, मनपरेको पुस्तक पढ्नु, बिहान-बेलुका खाना बनाउने जस्ता दैनिकीलाई सिलसिलाबद्ध रूपमा यसरी व्यक्त गरिएको छ :

> गीता अगि पनि कम बोल्ने नारी हुन् भन् यो बखत उनी ज्यादै कम बोल्छिन् । उनको दैनिक कार्यक्रम तारा छँदै स्नान गर्नु अनि बत्तीमा गतिा पाठ गर्नु त्यसपछि चिया तयार पारेर दीनदासकहाँ पठाइदिनु । आफूले पनि चिया लिएर च्याँग्राको ऊन केलाउनु र सबभन्दा पछाडि बिहानको खानपिनमा लाउनु । खाना खाएर करीब दुईघण्टा गरीब विद्यार्थीहरू पढाउनु, अन्त्यमा चर्खामा धागो कातेर दिन गलाउनु बेलुका खानेकाममा लाग्नु अनि रातमा टुकीको उज्यालोमा मन परेको पुस्तक हेर्नु (पृ. ६९) ।

गीता यस उपन्यासकी बद्ध, मञ्चीय, स्थिर, व्यक्तिगत र सहायक पात्र हुन् । संक्षेपमा गीता निश्छल परोपकारी सधैं अरूहरूको खुशीमा काम गर्ने नारीपात्रका रूपमा देखा पर्दछिन् ।

**ङ मानराज**

मानराज मानकै खातिरमा हिँडेको हुन्छ । उससँग प्रशस्त धनसम्पत्ति छ र जुवा खेल्ने बानी एकदमै बढी भएको पात्र हो । उसको श्रीमतीबाट दुईवटा मात्र छोरी धक्कु र पञ्जु जन्मेकाले छोरा पाउने लालसामा सालीलाई आँखा गाडी **जेली**पत्र लेखी दसैं औंलाको छाप लगाएर एक वर्षसम्म आफ्नो श्रीमतबिाट छोरा नभएमा साली बिहे गर्ने सर्तमा राख्छ । उसको चरित्रचित्रण गर्दा उपन्यासको बद्ध पात्र ठहरिएको छ । त्यस्तै गतिशील पात्र, व्यक्तिगत जीवनचरित्र भएको र कार्यभूमिकाको आधारमा सहायक पात्रका रुपमा यस उपन्यासमा मानराजलाई लिइएको छ । संक्षेपमा मानराज सधैं ठूलो बन्ने, हठी स्वभावको, जुवातास खेल्ने श्रीमतीलाई दबाउने जस्ता प्रवृत्तिको चरित्रको रुपमा लिन सकिन्छ ।

**च लता**

लता मानराजकी पत्नी हुन् साथै ललिता प्रमुख नायिकाकी दिदी पनि हुन् । उनी यस उपन्यासकी सहायक पात्र नै हुन् । उनले आफ्नो श्रीमान्को केही कुरा पनि काट्न नसक्ने, बहिनीलाई सौता बनाउन पनि श्रीमन्को डरले समर्थन जनाउने एक पुरुषप्रधान समाजमा जीवन गुजारा गर्न बाध्य नारीका रुपमा लिन सकिन्छ । लताले बहुपत्नी प्रथाको विरोध गर्न नसक्नु नै तत् समयको नारीको प्रतिनिधित्व गरेकी छन् । श्रीमान्को आज्ञा बमोजिम भुटो चिठी आदान प्रदान र नोकर्नी गीतालाई घरबाट निकाल्ने जस्ता कुविचारहरु

जुन मानराजको दिमागमा आए तिनीहरुलाई उनले डर र त्रासले गर्दा स्वीकार गरी त्यसता काम गर्न बाध्य भएकी छन् । यी नारीले वर्गीय चरित्रको प्रतिनिधित्व गरेकी छन् । यिनी पनि यस उपन्यासकी बद्ध पात्र नै हुन् किनकि यिनको भूमिकालाई झिक्दा वित्तिकै उपन्यास खल्लो बन्न जान्छ । उनी स्थिर र अनुकूल पात्र हुन् । संक्षेपमा भन्नुपर्दा उनी सोझी, इमान्दारी निश्चल स्वभावकी नारी पात्र हुन् भन्दा फरक नपर्ला ।

**धनराज**

धनराज धनकै ध्याउनमा मरिमेट्छ । धन कसरी कमाउने भन्ने चेष्टा गरिरहन्छ । ठाउँठाउँमा पसल खोल्नु, जुवातासको खाल बसाउनु, आदि उसको दैनिक कार्य हुन् । धनराज धनी व्यक्ति भए पनि मन र दिमागको गरीब छ । ऊ यस उपन्यासको सहायक पात्र हो । उसको चरित्रलाई हेर्दा अरुलाई होच्याउने, तास खेल्न उक्साउने, गरीबलाई हेला गर्ने खालको छ त्यसैले यो उपन्यासमा असत् पात्रका रुपमा चिनिन्छ ।

**लुठे**

उपन्यासको निम्नवर्गको पात्र हो आफूसँग धनसम्पत्ति केही नभएपछि देवीलाई प्रार्थना गर्दै आफ्नो दाउ परोस् भन्दै सधैं पूजा गरिरहन्छ । निम्नवर्गको पात्र भएपनि ठाउँठाउँमा श्रीमती राखेको छ र धनाढ्यहरुको धनलाई धूतसंघ खडा गरी कुम्लाएको छ । कहिले भेष बदली पुलिस बनेर धन कुम्ल्याउँछ भने कहिले जुवाडे बनेर पैसा हात पार्छ । त्यसैले लुठे यस उपन्यासको खलनायकको रुपमा चिनिन्छ । संक्षेपमा लुठे एकदमै घमण्डी अरुलाई सजिलै झुस्याउन सक्ने छल र स्वार्थ पूर्ति गर्दै हिंड्ने पात्रका रुपमा चिनिन्छ ।

त्यस्तै गौणपात्रहरु उपन्यासको नेपथ्यमा बसेर आ-आफ्नो भूमिका निर्वाह गरेका छन् । रिट्ठे र विराले पात्रले पैसावालका सेखी तोडेका छन् । बुढी बज्यैले गीतालाई अप्ठ्यारो पर्दा वासको व्यवस्था मिलाएकी छन् भने चमेलीले मानराजको व्यागमा भएको **जेली** पत्र च्यातेर समस्या समाधान गरेकी छ ।

**निष्कर्ष**

विभिन्न पात्रहरुको चरित्र चित्रण गर्दा फरक-फरक चरित्र पाइन्छ । उपन्यासको सुरुमा सबै पात्रहरुको राम्रो व्यवहार भएको र उपन्यासको मध्यमा जालझेलमा जेलिएर

मनमुटाव जस्तो भए पनि अन्त्यमा फेरि पुर्नमिलन भएको छ । **जेली** उपन्यास सामाजिक उपन्यास भएकाले यसका पात्रहरु पनि सामाजिक जालोमा जेलिएका छन् । आन्तरिक रुपमा पात्रका मानसिक छटपटी र अन्योल अनि पीडालाई व्यक्त गरिएको छ । यस उपन्यासका पात्रहरुको नाम अनुसारको काम भएकाले दीनदास दीनदु:खीकै सेवामा सर्पित छ । देवदास देवीदेवताकै आराधनामा व्यस्त छ । त्यस्तै निष्काम गीत गाउने गीता गीत गाएर नै सामाजिक कार्य गर्छे । मानराज मानकै खाँतिर दौडिरहन्छ भने धनराज धनकै ध्याउन्नमा छ । पात्रका नाम अनुसारको काम भए पनि उपन्यासले दिन खोजेको मुख्य सन्देश - मानिस परिस्थिति र मनस्थितिको जेलोमा जेलिन्छ वा जेलिन सक्छ तर जस्तोसुकै परिस्थिति आए पनि त्यसलाई सुल्झाउन सकेमा मानिस सुन्दररुपमा देखापर्न सक्छ ।

### ३.५.३ पर्यावरण

उपन्यासमा प्रयुक्त तत्त्वहरूमध्ये पर्यावरण पनि एउटा मूल र आवश्यक औपन्यासिक तत्त्व हो । उपन्यासमा पात्रहरूको कार्यकलाप गर्ने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ (कृष्णहरि बराल र नेत्र एटम पूर्ववम्, पृ. ३५) । मूलत: पर्यावरण शब्दले देशकाल र वातावरण दुई पक्षलाई समेटेको छ । जीवनका कथा, रीतिरिवाज, रहनसहन, व्यवहार, प्राकृतिक पूर्वाधारहरू पर्दछन् । उपन्यासका कथानक अगाडि बढ्दै जाँदा पाठकमा उत्पन्न हुने दु:ख, सुख, घृणा, क्रोध आदि भावनाको उद्बोधन र तिनको परितृप्ति हुँदै जान्छ । यसरी मानसिक भावनाको क्रियाकलापसँग सम्बद्ध हुने हुनाले वातावरणलाई भाव पनि भनिन्छ (कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. १८५) । औपन्यासिक कथावस्तुलाई प्रभावकारी बनाउनका लागि र समाजका विविध पक्ष उच्च वर्गको विलासिता तथा सामन्ती जीवनशैली मध्यम  निम्न वर्गका संघर्षमय शोषित पीडित तथा श्रम पसिना र अभिशप्त जीन्दगानीका विभिन्न समस्या र जटिलताहरू अनि जीवनका अरू पक्षको चित्रण गर्नका लागि उपन्यासमा विशेषगरी सामाजिक वातावरणकै आवश्यकता पर्दछ (प्रताप चन्द्रसिंह प्रधान नेपाली उपन्यास परम्परा र पृष्ठभूमि, (दार्जिलिङ : दिया प्रकाशन, २०४०), पृ. ८५ । यसले गर्दा उपन्यास हृदयग्राही र प्रभावकारी बन्दछ । यस्तै सीमित समय र स्थान प्रयुक्त वातावरणमा पनि सफल उपन्यासकारले सामाजिक दिग्दर्शन दिनुका साथै औपचारिक रोचकता बढाउन सफल हुने देखिन्छ ।

परिवेश चित्रणले उपन्यासको लोकप्रियता तथा विश्वसनीयतालाई बढाइएको पाइन्छ । यस उपन्यासमा २००८ सालको प्रजातन्त्र पछिको समय र अघिको दुवै समयावधिका घटनाहरूलाई समेटिएको छ । यसका काठमाडौं, वीरगञ्जको परिववेशका साथै मन शान्तिको लागि भारत गएकाले भारतको परिवेश पनि यहाँ आएको छ ।

यस उपन्यासको मुख्य कार्यस्थल काठमाडौं उपत्यका रहेको छ । यस उपन्यासको वातावरण कारुणिक भए पनि अन्त्यमा पूर्वमिलन भएको छ । यसमा निम्न वर्गीय नेपाली जीवनको कष्टप्रद करुण जिन्दगीको यथार्थलाई उद्घाटन गरिएकाले त्रासद जिन्दगीको निराश वातावरण छाएको पाइन्छ भने उच्च वर्गका नेपालीको अहमतालाई पनि यहाँ प्रष्ट्याइएको छ । साथै बहुविवाह र श्रीमतीलाई नोकरचाकरको जस्तो व्यवहार गर्ने प्रवृत्ति पनि यहाँ पाइन्छ

> . . . आज मानराज बिहानको खानपीन सकेपछि भुइँ बैठकतिर लागे । त्यहाँ थर्की तास कौडी इत्यादि खेलका प्रशस्त सामानहरू यौटा ठूलो दराजमा राखेको हुन्छ । पत्नी उनको पछि पछि थिइन् । बैठकमा पुगेपछि आफू काउचमा बसे, पत्नीलाई थर्की पासा झिक्ने आदेश खसाले । सुसारेले तमाखु ल्याई पत्नीले सुनले बाँधेको बुट्टे नली चाहीँको खुट्टे हुक्कामा जोडेर आफ्नो पतिको मुखमा जोडिदिइन् (पृ. १५) ।

**निष्कर्ष**

यस उपन्यासका पात्रहरूमा आफ्नै रीस, द्वेष, बदला, अहङ्कारले गर्दा उनीहरूको सोचाई फेरबदल भैरहन्छ र आफू प्रताडिता भएर बसिरहन्छ । देवदासका दाजुले चिठी नदिएर देवदास र गीताको जीवन झण्डै बर्बाद हुन लागेको थियो भने ललिताले गीतालाई शंका गर्नु र आफ्नो दिदीले पठाएको चिठीमा विश्वास गरेर गीतालाई भेट्न नदिनु पनि यस उपन्यासमा भ्रमपूर्ण वातावरण सिर्जना भएको छ ।

### ३.५.४ दृष्टिविन्दु

उपन्यासमा दृष्टिविन्दु दुई किसिमले प्रस्तुत भएको हुन्छ - आन्तरिक वा प्रथमपुरुषबीच दृष्टिबिन्दु र बाह्य वा तृतीय पुरुषबिच दृष्टिबिन्दु । प्रथम पुरुषीय

दृष्टिविन्दुमा म पात्र आफैले भोगेमा घटना, अनुभूति र भावनाको आत्माभिव्यञ्जता गरिरहेका हुन्छन् । त्यस्तै तृतीयपुरुष दृष्टिविन्दुमा कथानक उपन्यासभन्दा बाहिर बसेर तृतीय पुरुषवाचक सर्वनाम वा व्यक्ति, जाति र समूहवाचक नामका बारेमा कथा भनिरहेको हुन्छ । उपन्यासमा सधैं सबै ठाउँमा प्रथम पुरुषीय वा तृतीय पुरुषीय दृष्टिविन्दुको प्रयोग भएको भेटिँदैन । विषय, प्रसङ्ग वातावरण र कथयिताको मनस्थितिका आधारमा कहिलेकाहीँ प्रथम पुरुषीय र तृतीय पुरुषीय दुवै दृष्टिविन्दुको समिश्रण पनि गरिएको हुन्छ । यस्तो खालको दृष्टिविन्दुलाई मिश्रित दृष्टिविन्दु भनिन्छ । उपन्यासमा कुन पात्रलाई प्रमुख महत्त्व दिने र औपन्यासिक कथानकसँग कसरी उक्त पात्रको सम्बन्ध कायम गर्ने भन्ने समस्यालाई नै दृष्टिविन्दुले प्रधान महत्त्व दिएको हुन्छ । दृष्टिविन्दुले पात्रलाई जीवन्त र घटना वा कथावस्तुलाई प्रवाहशील बनाउँदछ साथै औपन्यासिक संरचनालाई पनि सुदृढ र कसिलो बनाउँदछ ।

यिनै सैद्धान्तिक मापदण्डमा यस उपन्यासको दृष्टिविन्दुको प्रयोग स्थितिलाई अध्ययन गर्नुपर्ने हुन्छ । यस उपन्यासमा मुख्य रूपमा तृतीय पुरुषीय दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ । केही प्रसङ्गमा प्रथम पुरुषीय तथा मिश्रित खालको दृष्टिविन्दुको प्रयोग समेत भएको देख्न सकिन्छ । प्रस्तुत उपन्यासमा दीनदास, देवदास, गीता, ललिता आदि व्यक्तिवाचक नाम तथा ऊ, उनी, त्यो, ती आदि तृतीय पुरुष सर्वनामवाची पात्रहरू र उनीहरूसँग सम्बन्धित घटनालाई प्रायः सर्वदर्शी बनेर प्रस्तुत गरिएको छ । यद्यपि कुनै कुनै परिस्थितिमा कथावाचक स्वयम् बोलिरहेको देख्न सकिन्छ तर अप्रत्यक्ष रूपमा उपन्यासकार सर्वज्ञ भएर ललिताको मन जुवाष्टकले मच्चिएको चित्रण यसरी गर्दछन् –

जुवाष्टक सुनेकी ललिता उहाँ क्षणभर पनि नअडिएर फर्किन । कहिलेकाहीँ जब मनमा केही कुराको द्वन्द्व मच्चिन थाल्छ, दिशामार्ग कुन हो मनले खुट्याउन सकेको हुँदैन । यस्तो मौकामा साना साना घटनाबाट पनि ठूला-ठूला शिक्षा मिल्छ । घाँसीको पनेरो बनाउने साहसले हाम्रा भानुभक्तजीलाई कवि बनायो । त्यस्तै यो जुवाष्टक कतिले सुनेका होलान्, कतिले पढेका होलान् तर आज यसले ललिताको मनमा एक हलचल मच्चाइदियो (पृ.७९) ।

उपन्यासकारले सर्वज्ञ भएर प्रस्तुत गर्दा कर्ता हस्तक्षेपी र कतै अहस्तक्षेपी प्रवृत्तिलाई पनि प्रस्तुत गरेका छन् । कतिपय अवस्थामा चरित्रको चित्रण र घटनाको प्रस्तुतीलाई संवादात्मक, गीत र चिठीको प्रयोगबाट स्वतः अगाडि बढ्न दिएका छन् ।

उपन्यासकारले ललिताले गीतालाई लेखेको चिठीमा, देवदासले दीनदासलाई र दीनदासले देवदासलाई लेखेको चिठीमा प्रथम पुरुषीय दृष्टिविन्दुको उत्कृष्ट प्रयोग गरेका छन् । एउटा नमूना हेरौं - "मेरो दाजुले मेरो भलो देखेर नै त्यसो गर्नुभएको थियो । मैले मेरै भूल स्वीकार गरिसकें, भूल मेरै हो बदलाको लागि म तयार छु (पृ. १००) ।"

उपन्यासमा भिक्षु उद्धार संघको तर्फबाट भाषण गर्दाका अवसरमा मिश्रित खालको दृष्टिविन्दुको प्रयोग गरिएको छ । उदाहरण हेरौं–

> मगन्ताहरूको उद्धार र सुधार कसरी हुन्छ र गर्ने यसैको अनुभवको विभिन्न हाम्रो यो संघ खडा भएको हो तर आजसम्मको कामको प्रगति हेर्दा हामीलाई यो भन्न करै लाग्छ कि यसले आँटेको जति गर्न सकेन । यसको आँट हो मगन्तेहरूलाई काम दिलाएर काममा लगाउने र उनीहरूको माग्ने स्वभावलाई पूरै परिर्वत पार्ने । पाका मान्छेहरूको स्वभावमा परिवर्तन पार्नुछ, उनीहरूले लाएको बानी, छोड्न सक्दैनन् । संघको काम उनीहरूलाई सम्झाउनु, बुझाउनु, दृष्टान्त दिनु, सुपथमा हिडाउनु खोज्नु (पृ. ८१) ।

**निष्कर्ष**

यसरी प्रस्तुत उपन्यास **जेली** दृष्टिविन्दु प्रयोगका दृष्टिले महत्त्वपूर्ण र प्रभावकारी रहेको छ । उपन्यासको कथयिताले भोक्ता भन्दा बढी सर्वज्ञ द्रष्टाका रूपमा उपन्यासको कथावस्तुभन्दा बाहिरैबाट निरीक्षण गर्न खोजेको देखिन्छ । यस अर्थमा प्रस्तुत उपन्यासमा तृतीय पुरुषीय दृष्टिविन्दुको सशक्त र प्रभावकारी प्रयोग भएको देखिन्छ । संवादका केही स्थिति पात्रका अभिव्यक्तिमा उपन्यासकार स्वयम् 'म' पात्रका रूपमा बोलेको जस्तो भ्रम परे पनि त्यहाँ कुनै न कुनै पात्र अभिवक्ताका रूपमा आएकै हुन्छन् । त्यस्तै भाषण र संवादका कतिपय स्थितिमा मिश्रित खालको दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । एउटै पात्रका बारेमा चित्रण गर्दा उपन्यासकारले कतै कवयितालाई प्रयोग गर्छन् भने कतै पात्र स्वयम्लाई आफ्नै बारेमा बोल्न लगाउँछन् । तसर्थ मुख्यतः तृतीय पुरुषीय दृष्टिविन्दु अंशतः प्रथम पुरुषीय र मिश्रित दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ३.५.५ भाषाशैली

उपन्यास लेखनको माध्यम भाषा हो भने उक्त भाषा अभिव्यक्त गर्ने तरिका, ढाँचा वा पद्धति शैली हो । भाषा र शैली दुई भिन्न भिन्न अर्थ बोक्ने शब्द भए तापनि भाष विना शैलीको निर्धारण नहुने भएकाले शैलीबिना भाषाको सौन्दर्य नझल्किने हुनाले यी दुईका बीचमा अन्योन्याश्रित सम्बन्ध देखिन्छ ।

उपन्यासमा भाषाको प्रयोग दुई किसिमबाट गरिएको हुन्छ, पहिलो उपन्यासकारले आफ्नै बौद्धिक क्षमता अनुकूलको हुन्छ भने दोस्रो आफूले सिर्जित पात्रका बौद्धिक, सामाजिक, भौगोलिक आदि भेदयुक्त भाषिक क्षमता अनुकूलको हुन्छ । पात्र अनुकुलको भाषा प्रयोगमा परिवेश, समाज, संस्कृति, भूगोल आदिको भूमिका महत्त्वपूर्ण हुन्छ । उपन्यासमा कठिन वा क्लिष्ट र सरल गरी दुई किसिमको भाषा प्रयोग गर्न सकिए पनि पात्रका स्तरअनुरूपको सरल, सहज र तरल किसिमको भाषाप्रयोग उत्तम मानिन्छ । शैलीले साहित्यिक सौन्दर्यको सिर्जना गर्दछ । भाषिक प्रयोगका आधारमा सरल, मध्यम र जटिल गरी तीन प्रकारको शैली उपन्यासमा प्रयोग हुन्छ । यसरी भाषा र शैली उपन्यास प्रस्तुतिका अन्योन्याश्रित सम्बन्धयुक्त दुई पदावली हुन् ।

**जेली** उपन्यास सामाजिक घटनामा आधारित भएकाले सोही अनुकूलको भाषा प्रयोग भएको छ । सामान्य पाठकहरूले पनि सहजतापूर्वक बुझ्न सक्ने सरल, सहज र सम्प्रेष्य भए पनि कतै कतै अमिल्दो भाषाको पनि प्रयोग पाइन्छ । कतिपय प्रसङ्गमा उपन्यासको भाषा पात्रोचित बौद्धिक नै छ भने तद्अनुरूप सरल र सहज किसिमको छ । नेपाली ग्रामीण समुदायमा प्रचलित झर्रा शब्द तथा प्रशस्त उखानहरूको प्रयोगले यिनको भाषालाई विषयको पुष्टिका लागि सघाएको छ ।

प्रस्तुत उपन्यासमा तत्सम, तद्भव र आगन्तुक श्रोतका शब्दहरूको खोजी गर्दा नवीन शब्दको तुलनामा नेपाली जनजिब्रोमा भिजेकै शब्दहरूको बहुल प्रयोग भेटिन्छ । सरल खालका तद्भव शब्द र पूर्णतया नेपालीकरण भई सकेका आगन्तुक शब्दको प्रयोग बढी देखिन्छ । त्यस्तै केही अनुकरणात्मक शब्दको प्रयोग पनि यसमा भएको देख्न सकिन्छ । केश, ज्ञान, वैराग्य, निर्मल, मग्न, पिता, हृदय, आराधना, प्रणाम दृष्टि, कर्तव्य, परमधाम, शिक्षा, भिक्षु, कार्यकर्ता दासता, अत्याचार, वार्तालाप, शब्द, उपेक्षा, पारपत्र, प्रतीक्षा जस्ता तत्सम

शब्दहरू प्रस्तुत उपन्यासमा यत्रतत्र प्रयोग भएका भेटिन्छन् । यी शब्दले भाषालाई जटिल बनाएको छैन अर्थलाई स्पष्ट र भाषालाई सुललित बनाएको छ ।

**तत्सम शब्दहरु**

केश, ज्ञान, वैराग्य, निर्मल, मग्न, पिता, हृदय, आराधना, प्रमाण, दृष्टि, कर्तव्य, शिक्षा कार्यकर्ता, दासता, अत्याचार, वार्तालाप, शब्द, उपेक्षा, पारपत्र, प्रतीक्षा आदि ।

**अनुकरणात्मक शब्दहरु**

ट्वाङ्ट्वाङ, फटफट, खुत्रुक्क, पिल्पिल, ट्वार्र, टकट्क, टीपटाप, गुनगुन, छङछङ, पिलपिल, गदगद, टड्कारो, रनक्क, खङ्ग्रङ्ग, फरक्क, ध्याच्च, ट्वार्ट्वार्र, हुँ हुँ, पुलुपुलु आदि ।

त्यस्तै यस उपन्यासमा निम्नलिखित श्रोतका आगन्तुक शब्दहरको प्रयोग समेत भएको देख्न सकिन्छ ।

**अंग्रेजी मूलका शब्दहरु :**

कर्नेल (कोलोनल), हिस्टेरिया, जनरल, रेजिडेन्ट, मिस्टर, पल्टन (प्लाटुन) लम्बर ( नम्बर) आदि शब्दहरू प्रयोग भएको पाइन्छ ।

**अरबी मूलका शब्दहरू :**

कबूल, तागत, तारिफ, मुश्किल, इज्जत, मालिक्नी, तमासा, मजबुत, मनासिव, मालसामान आदि शब्दहरूको यथोचित प्रयोग भएको पाइन्छ ।

**फारसी मूलका शब्दहरू:**

खूब, नामर्द, जवान दिलचस्पी, बदमास बेहोस, ऐना, बरबाद, दरबार तकिया आदि शब्दहरूको पनि उत्तिकै कुशलताका साथ प्रयोग भएको छ । त्यस्तै बहुत मूठ, आदिजस्ता हिन्दी शब्दको प्रयोग पनि यस उपन्यासमा राम्रै सङ्ख्यामा रहेको पाइन्छ । प्रस्तुत उपन्यासका उपन्यासकारले ग्रामीण जीवनमा प्रयोग गरिने खालका भाषिक संवादहरुलाई पनि जीवन्त रुपमा प्रस्तुत गरेका छन् । जस्तैः

रिठ्ठे - अय्‌यू ! बाटो भएको लुठे; आम्माको पोइ भए हिमुला !

लुठे - सुनिस्‌ बिराले, यसले हामीलाई मात्र दिइएन भने सोझै पुलिसकाँ .... । (पृ. ३३)

उपन्यासमा प्रशस्त उखान टुक्काहरूको प्रयोग भएको पाइन्छ । केही उखानहरू:

“देख्नेको आँखा फुटेको सुन्नेको सही” (पृ.  ३)

“टपरीमा सिता भए रिग्ने काग कति !” (पृ. ४)

“जसले रिझाउन सक्छ उसैको हातमा डाडु पऱ्यु ।” (पृ. ६)

“छुद्दे मीठो टक राम्रो ।” (पृ. १०)

“राजाको काम छोडि कामीको देवाली ।” (पृ. १५)

“सस्तो बेषा पेट लागी मर ।” (पृ. २१)

“एक ढुङ्गाले दुई चरा मर्ने ।” (पृ. ३६)

“गुन्द्रुकलाई पकाउनु पर्दैन ।” (पृ. ३७)

“बाहुन्नेलाई तानेर नतन्काउने अग्लोलाई ठोकेर होचो नपार्ने ।” (पृ. ४९)

“सुत्केरीको बेदना सुत्केरीलाई नै थाहा हुन्छ ।” (पृ. ६९)

“केटाकेटीको बान कार्तिकको तान ।” (पृ. ८१)

“बनको बाघले खाओस्‌ नखाओस्‌ मनको बाघले बिताइहाल्छ ।” (पृ. ८६)

“वन डढेको सबैले देख्छन्‌ मन डढेको कोही पनि देख्दैन ।” (पृ. ३५)

“सबै भन्दा होचोको थुतुनोमा घोचो ।” (पृ. १०२)

“पसिनाको कमाइ आमाको दूध बराबर ।” (पृ. १०३)

“ओरालो लागेको मृगको बाच्छै ऐरी ।” (पृ. १०६)

"दश ठक्कर खाएका छोरो नै उसको लक्ष्यको धुरीमा पुग्न समर्थ बन्दछ ॥" (पृ. १०८)

"कर्मको फल तान्तातै मिल्छ ।" (पृ. ११४)

"आफू न हिँड्ने बाटाको कुरा किन ? ।" (पृ. १२४)

त्यस्तै वाक्यीय संरचनाभित्र लुकेका प्रशस्त सामाजिक जीवनमा प्रयुक्त टुक्काहरू यस उपन्यासमा पाइन्छ त्यसका केही नमुना हेरौ

झल्याँस्स हुनु, मन निर्मल पार्नु, वैराग्य धारण गर्नु, तमाशा हेर्नु, अगुवा बन्नु, बदला लिनु, पत्तो हुनु, वेदना बढ्नु, इशारा दिनु, व्यवहार बिग्रिनु , डाँको छोड्नु, पारपत्र दिनु आदि । त्यस्तै अनुकरणात्मक शब्दमा रनक्क, खङ्ग्रङग, फरक्क, घ्याच्च, च्वाट्च्वाट हुँ हुँ, पुलुपुलु आदिजस्ता शब्दको प्रयोग पाइन्छ ।

यसरी प्रस्तुत उपन्यासमा पात्रका स्तरअनुरुपको भाषाले, संवाद, गीत, भाषण, चिठीका माध्यमबाट उपन्यासमा पात्रोचित भाषिक व्यवहार गराउन उपन्यासकार सफल मान्नु पर्छ । उपन्यासमा दीनदास, देवदास, गीता ललिता आदिले मध्यम खालको र र लुठे, बिराले, भरियाहरू आदिले प्रयोग गर्ने भाषा सामान्य किसिमको छ । त्यसतै शब्द, वाक्य आदिमा प्रयोगको विविधताले उपन्यासलाई यथार्थपरक बनाएको छ ।

शैलीतर्फ दृष्टि दिँदा यस उपन्यासमा मुख्य तया वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । विषय प्रसङ्ग अनुरूप संवादात्मक वा नाटकीय शैलीले उपन्यासलाई प्रभावकारी बनाएको छ । ठाउँ ठाउँमा गीत र चिठीपत्रहरुको रखाइले उपन्यासलाई पत्रात्मक शैलीतर्फ पनि अग्रसर गराएको छ । उपन्यासमा भिक्षु उद्वार संघका विभिन्न बैठक पिच्छे हुने भाषणले उपन्यासलाई सम्भाषणात्मक शैलीयुक्त पनि बनाएको छ । उपन्यासकारले देवदासको र ललिताको चरित्र चित्रणमा पत्रात्मक शैलीका अर्न्ततहमा पूर्वदीप्ति र संस्समरणात्मक शैलकिो प्रयोग गरेका छन् । त्यस्तै दीनदास र गीताका अतीतका घटनाक्रमको चित्रणमा पूर्वदीप्ति शैलीको प्रयोग गरेका छन् ।

उपन्यासकारले प्रयोग गरेको वर्णनात्मक शैलीको नमुना यस प्रकार दिन सकिन्छः

“ललिता उनको पिताको कोठाबाट बाहिर के निस्किएकी थिइन् तल्लो बैठकको बाहिरी बरण्डामा दीनदास एक्लै खडा भएका देखिन् उनी सरासर उतै गइन् । बैठकको ढोकाबाट भित्र नजर दिइन् देवदासको काखमा मुख छिपाएर गीता रोएकी छन् देवदासले उनलाई सान्त्वना दिइरहेका छन् । उनी फरक्क फर्किन् र दीनदासको हात समात्दै बोलिन् - सभापतिजी जाउँ भित्र पिताजीसँग (पृ. १२६) ।”

संवादात्मक शैलीको पनि प्रशस्त प्रयोग भएको छः

उपन्यासलाई कलात्मक बनाउन र विविधता भर्न संवादको प्रयोग गर्नु आवश्यक देखिन्छ । त्यसैले यस उपन्यासमा पनि बिच-बिचमा देवदास र बिरालो बिच संवाद, दीनदास र लुरेबिच संवाद, देवदास । दीनदास विच संवाद आदि संवादहरू यस उपन्यासमा हुनुका साथै यस उपन्यास संवाद, गीत र कविताले पूर्ण छ । सुन्दर र कलात्मक संवादका माध्यमबाट उपन्यासकारले पात्रहरूका बाध्यातरिक जगत्का जटिलता संघर्ष कुण्ठा आदि भावहरूको प्रत्यक्ष बोध हुन्छ । यसको सम्बन्ध कथावस्तुसित हुने भएकाले पात्र अनुसारको संवाद प्रयोग गरिनु उपर्युक्त मानिन्छ । औपन्यासिक संवादमा देश काल, परिस्थिति, मनोविज्ञान अभिनयात्मक सफलता, सम्प्रेषणात्मकता अल्भिने र रोचकता, स्वभाविकता र सफलता प्राप्त हुन सक्ने भएकाले उपन्यासको संरचनामा यसको महत्त्वपूर्ण स्थान रहेको छ ।

यस उपन्यासमा उपन्यासकार मल्लले देवदास र बिरालोले गीता र भिक्षु-उद्धार संघको सभापति बिच लोग्ने स्वास्नी जस्ता छन् भन्ने संवाद यसरी प्रस्तुत गरेका छन् –

‘देव. – के उस्तै उस्तै स्वास्नी ?

वि. - स्वास्नी भनौं भने एकै ठाउँमा बस्दैनन् तर सबैले शंका गर्छन् उसैकी स्वास्नी हो भनेर (पृ. ४३)

त्यस्तै पत्रात्मक शैलीको एक नमुनाः

साथी देबु । तिमीले तीर्थयात्राबाट पठाएको पत्र प्राप्त भयो । यहाँ मलाई र गीताजीलाई समेत सन्चै छ भन्न पर्‍यो सन्चो । शारीरिक आरामलाई सन्चो भन्ने कि मानसिक आरामलाई ? हामी गरीबलाई शारीरिक आराम कहाँ ? न खानाको राम्रो तजबीज

छ, न लाउनाको प्रशस्ती छ, न बस्नाको राम्रो ठाउँ छ । बिहान खायो बेलुका के खाऊँ, बेलुका खायो बिहान के खाउँ । शारीरिक कष्ट भएकालाई मानसिक सुख कसरी मिल्ने ? तिर्थयात्राले तिम्रो सुबुद्धि फिरोस् । म केही नभएको नाङ्गो, नाङ्गो समाजको उत्थानलाई कम्मर कसेको, जिन्दगीभर, ब्रह्मचर्यमा रहेर देश-सेवा गर्न अगि सरेको व्यक्तिलाई मेरा सहयोगीहरूले, हितैषीहरूले आशीर्वाद दिऊन् । **जेली** बनेर मेरो बाटोमा रोकावट नगरि दिउन् ।

**निष्कर्ष**

यसरी मूलतः वर्णनात्मक र अंशतः संम्वादात्मक पत्रात्मक, संस्मरणात्मक वा पूर्वदीप्ति, सम्भाषणात्मक आदि शैलीको प्रयोग यस उपन्यासमा देखिन्छ । यसमा भाषा सरल सहज भन्दा पनि मध्यम किसिमको रूपमा लिइएको छ ।

**३.५.६ सारवस्तु /कथ्य**

जुनसुकै काम पनि उद्देश्य विहीन भएर गरिंदैन । कार्यसँग कारण आएजस्तै कारणसँग उद्देश्य वा प्रयोजन छायाँजस्तै भएर आएको हुन्छ । साहित्यकार कलाकार आदिको सिर्जनात्मक उद्देश्य भनेझैं सौन्दर्यको उद्‌बोधन हो । उपन्यासकार पनि साहित्यकार, कलाकार नै भएकाले सौन्दर्यको उद्‌घाटन उसको स्वयम्‌सिद्ध प्रयोजन भए तापनि एउटा छुट्टै सार, जीवनदर्शन, उद्देश्य वा प्रयोजन राखेर उसले उपन्यास लेखेको हुन्छ । उपन्यासकारले आफू बाँचेको समाज, पर्यावरण, संस्कृति, इतिहास, राजनीति अर्थ, विकृति, विसङ्गति आदिप्रति आफ्‌ना विशिष्ट दृष्टिकोण वा विचारको अभिव्यक्ति दिने उद्देश्य राखेको हुन्छ । यस्तो उद्देश्य वा प्रयोजन उपन्यासकारको शैल्पिक क्षमताले कलात्मक अभिव्यक्तितर्फ विशिष्ठिकृत भएको हुन्छ । सिपालु उपन्यासकारले उपन्यास लेख्नुको उद्देश्यलाई उपन्यासको सुरुमा, अन्त्यमा वा बीचमा कहाँ हो, थुप्रो लगाएर उपदेश वाक्यका रूपमा राख्दैन बरु सम्पूर्ण उपन्यासभरि कलात्मक रूपमा व्याप्त बनाएर प्रस्तुत गरेको हुन्छ । तसर्थ उद्देश्य वा प्रयोजन वा सारवस्तु कहिल्यै पनि मूर्त हुँदैन । अमूर्तबाट उद्देश्यले मूर्त रूप लिएको अनुभूति पाठकले गर्दछन् । यस्तो स्थितिको सिर्जना गराउनु नै उपन्यासकारको कला, सौन्दर्य प्रस्तुतिको मूलभूत उद्देश्य हो ।

**जेली** उपन्यासले एउटा न एउटा मूल उद्देश्य राखेको छ र उक्त मूल उद्देश्यसँग सम्बन्धित भएर उद्देश्य नबाँझिने गरी अन्य सहायक उद्देश्यहरू पनि उपन्यासभरि व्याप्त रहेका छन् । नेपालका वा समाजका सामाजिक पक्षका सम्पूर्ण घटनाहरूलाई सचित्र प्रस्तुत गर्नु उपन्यासकारको मूल उद्देश्य रहेको देखिन्छ । समाजमा हामी जसलाई तुच्छ भनी ठान्छौ तिनीहरू भित्र पनि उच्चता रहेको हुन्छ र जसलाई उच्च भनी मान्छौ तिनीहरू भित्र तुच्छता रहेको हुन्छ भन्ने कुरा पनि यस उपन्यासमा देखाउन खोजिएको छ । त्यस्तै जब मानिस आर्थिक रूपमा सम्पन्न भए पनि मानसिक रूपमा दरिद्र हुन्छन् । मानराज आर्थिक रूपमा अत्यन्तै सबल मान्छे भए पनि आप्नो साली ललितालाई पाउन अनेक किसिमका जालझेल र दरिद्रिपन देखाएको छ । त्यस्तै धनराज जुवा र पसलबाट जसरी हुन्छ धन कमाउने ध्याउन्नमा नै छ । यो धनमा नै दरिद्र भएको छ ।

यस उपन्यासको मुख्य सन्देश मानिस परिस्थिति र मनस्थितिको जेलोमा जेलिन्छ । यदि त्यो जेलोलाई सग्ल्याउन सके जस्तोसुकै मानिस पनि आखिर सुन्दर रूपमा देखा पर्न सक्छ भन्ने कुरा यहाँ दीनदास, देवदास, ललिता, गीताको माध्यमबाट पुष्टि गरेको छ । मानिस विकृति र सुकृतिको द्वन्द्वमा चल्छ सुकृतिको जीत हुनासाथ विकृति हराउँछ र आखिर सारा पात्र सुन्दर रूपमा देखापर्दछन् भन्ने अर्को सन्देश पनि दिन खोजिएको छ । त्यस्तै यस उपन्यासको माध्यमबाट समाजसेवा र देशभक्तिको प्रचुर प्रेरणा प्राप्त हुन्छ भन्ने अर्को सन्देश दिन पनि खोजिएको छ ।

## ३.६ निष्कर्ष

यो उपन्यास नेपाली सामाजिक चिन्तन बोकेको उपन्यास भएकाले यसका पात्रहरू सामाजिक जालोमा जेलिएका छन् । आन्तरिक रूपमा पात्रका मानसिक छटपटी र अन्योल अनि पीडालाई व्यक्त गरिएको छ । यस उपन्यासमा नाम अनुसारका काम भएकाले दीनदास दीनदुःखीकै सेवामा समर्पित छ भने देवदास देवीदेवताकै आराधनामा व्यस्त छ । त्यस्तै निष्काम गीत गाउने गीता गीत गाएर नै सामाजिक कार्य गर्छे भन्ने मानराज मानकै खाँतिर दौडिरहन्छ त्यस्तै धनराज धनेकै खाँतिर मरिमेट्छ ।  यस उपन्यासमा सबै चरित्रको प्रयोग भएको छ । कथानकलाई व्यवस्थित रुपमा प्रस्तुत गर्न आदि मध्य र अन्त्यको शृङ्खलामा विभाजन गर्ने परिपाटी अनुसार नभई अन्तरवस्तुको अनुक्रम भङ्ग क्रममा विन्यस्तक्रम भएको देखिए पनि सन्तुलनलाई हेर्दा समस्तरमा अगाडि बढेको देखिन्छ । सहरिया धनाढ्य

मान्छेको चित्रण र पेट पाल्न नपाई भुसिया कुकरजस्ता पात्रको शारीरिक र मानसिक छटपटीलाई पनि मल्लले देखाएका छन् । यिनका उपन्यासमा सबै खाले दृष्टिविन्दुको प्रयोग भए तापनि मूलतः तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । सरल भाषाको प्रयोग गरिएको यस उपन्यासमा अनुकरणात्मक, तत्मस, तत्भव, आगन्तुक आदि शब्दको प्रयोग भए पनि नेपाली जनजिब्रोमा भिजेकाले सहज खालका भाषाशैली प्रयोग भएको मानिन्छ । यस कथाको मूल सन्देश मानिस विकृति र सुकृतिको द्वन्द्वमा चल्छ सुकृतिको जीत हुनासाथ विकृति हराउँछ र आखिर सारा पात्र सुन्दर रुपमा देखापर्दछन् भनि दिन खोजिएको छ ।

# चौथो परिच्छेद
# प्रवृत्तिगत आधारमा जेली उपन्यासको विश्लेषण

## ४.१ समाज सुधारको चेतना

मोहन बहादुर मल्लले यस उपन्यासमा समाज सुधारको भावनालाई मूल रूपमा प्रस्तुत गरेका छन् । उनले प्रस्तुत गरेको समाज, अन्याय, अत्याचार, अन्धविश्वास, अशिक्षा, रोग, भोक र अभावले ग्रस्त भएको देखिन्छ । यस उपन्यासमा शिक्षा र देशभक्तिलाई प्रमुख प्राथमिकता दिएको देखिन्छ । त्यस्तै पात्रहरूलाई साङ्गठितक गराउनु, दुःखी गरिब र रोगीहरूप्रति सहयोगी भावना देखाउनु, जाँडरक्सी, जुवातासले समाजलाई नराम्रो असर पर्ने हुनाले त्यसको विरोध गर्नु, भिक्षु-उद्धार संघ खोलेर दीनदास आफू त्यसको सभापति भई दुःख पाएकाहरूलाई उद्धार गर्नु, सडक बालबालिकाहरूलाई जम्मा गरी शिक्षा दिनु, दानप्रथा गरिब गुरुवाहरूलाई नदिइ संघसंस्थालाई दिएमा उचित हुन्छ भनी धनाढ्यहरूलाई दान संस्थामा दिन लगाउनु आदि जस्ता क्रियाकलाप समेटिएको हुँदा समाज सुधारको मूल लक्ष्य र उद्देश्यमा उक्त उपन्यास केन्द्रित भएको हुँदा समाज सुधारको चेतना यस उपन्यासको एउटा मूल प्रविधिगत विशेषताका रूपमा देखा पर्दछ ।

## ४.२ संघर्षशील पात्रहरूको प्रयोग

यस उपन्यासका पात्र संघर्षशील छन् । दीनदास जो पहिले सुखमा हुर्केर पनि दुःखको सामना गर्न पुग्दछ साथै गीता पनि त्यही अवस्थामा पुग्छे । दीनदास अर्काको घरमा दासको रूपमा बसेर पारपत्र पाइसकेपछि उसले ठूलो संघर्ष गर्छ र भिक्षु उद्धार संघ खोली सम्पूर्ण दुःख पाएका बालबालिका र मगन्तेहरूको उद्धार गर्छ । विभिन्न सभा समारोहमा गएर धर्मको नाममा जताततै पैसा छर्नेलाई पनि चन्दा बाकसमा हालिदिन आग्रह गर्छु । बेसाहारा बनेकी गीतालाई विना रति राग तन, मन दिएर उसलाई यो संसारमा अड्न सक्ने बनाउँछ । धुतसंघले पैसा लुटे पनि दीनदासको संघलाई लगाई पुलिस परिचालन समेत गर्नु र अन्त्यमा दीनदासको संघ स्वच्छ हुनु आदि जस्ता कारणले पनि दीनदासको जीवनमा संघर्ष आइपरेको छ । त्यस्तै गीता पहिले उच्च कुलघरानमा जन्मेर पनि परिस्थितिको सिकार बन्दाबन्दै दासी बन्न विवश हुन्छे र त्यही दासी बनेको पनि मानिसहरूलाई अपच

भई विनाकारण झुटा आरोप लगाएर निकालिदिन्छन् । अनि उसको जीवनमा विभिन्न किसिमका संघर्षहरू आइपर्छन् । तिनलाई कहिले रोएर त कहिले मन दह्रो पारेर संघर्ष गरी आफू अगाडि बढ्छे । त्यस्तै अरू पात्रहरू लुठे, बिरालो, रिट्ठे आदि पनि छन् । बढी संघर्ष गर्नेमा गीता र दीनदास नै देखिन्छन् । त्यसैले यस उपन्यासमा प्रयुक्त पात्रहरुले बढी संघर्ष गरी जिविका चलाएका हुँदा पनि यो एक मूल प्रवृत्ति भएर आएको छ ।

## ४.३ भाषिक सरलता

मल्लले यस उपन्यासमा सामान्य भाषाको प्रयोग गरेका छन् । उनको भाषाशैली त्यति परिष्कृत र परिमार्जित बन्न सकेको छैन । उपन्यासमा रोचकता गर्न उपन्यासको बिचबिचमा उखान टुक्का, गीत, भजन साथै वेदनालाई खुलस्त पार्न चिठी आदिको प्रयोग पनि गरेका छन् । कता-कता गीत र भजनमा अलिकति बुझ्न अप्ठ्यारो हुने खालका शब्द प्रयोग भए जस्तो भान भए पनि भाषामा सरलता नै देखिन्छ ।

यस उपन्यास सामाजिक घटनामा आधारित भएकाले सोही अनुकूलको भाषा प्रयोग भएको छ । सामान्य पाठकहरुले पनि सहजकतापूर्वक बुझ्न सक्ने सरल, सहज र सम्प्रेष्य भाषाको प्रयोग पाइन्छ । कतिपय प्रसङ्गमा उपन्यासको भाषा पात्रोचित बौद्धिक नै छ भने तद्अनुरुप सरल र सहज किसिमको छ । नेपाली ग्रामीण समुदायमा प्रचलित झर्रा शब्द तथा प्रशस्त उखानहरुको प्रयोगले यिनको भाषालाई विषयको पुष्टिका लागि सघाएको छ ।

प्रस्तुत उपन्यासमा तत्सम, तद्भव र आगन्तुक श्रोतमा शब्दहरुको खोजी गर्दा नवीन शब्दको तुलनामा नेपाली जन जिब्रोमा भिजेकै शब्दहरुको बहुल प्रयोग भेटिन्छ । सरल खालका तद्भव शब्द र पूर्णतया नेपालीकरण भइसकेका आगन्तुक शब्दको प्रयोग बढी देखिन्छ । यसरी नेपालीकरण भैसकेका शब्दहरुको प्रयोगले यस उपन्यासमा भाषिक सरलता भेट्टाउन सकिन्छ ।

## ४.४ संवाद शैलीको प्रयोग

उपन्यासलाई कलात्मक बनाउन र विविधता भर्न संवादको प्रयोग गर्नु आवश्यक देखिन्छ । त्यसैले यस उपन्यासमा पनि बिच-बिचमा देवदास र बिराले बिच संवाद, दीनदास र लुरेबिच संवाद, देवदास र दीनदास विच संवाद आदि संवादहरू यस उपन्यासमा हुनुका

साथै यस उपन्यास संवाद, गीत र कविताले पूर्ण छ । सुन्दर र कलात्मक संवादका माध्यमबाट उपन्यासकारले पात्रहरूका बाध्यातरिक जगत्का जटिलता संघर्ष कुण्ठा आदि भावहरूको प्रत्यक्ष बोध हुन्छ । यसको सम्बनध कथावस्तुसित हुने भएकाले पात्र अनुसारको संवाद प्रयोग गरिनु उपर्युक्त मानिन्छ । औपन्यासिक संवादमा देश काल, परिस्थिति, मनोविज्ञान अभिनयात्मक सफलता, सम्प्रेषणात्मकता अल्भिने र रोचकता, स्वभाविकता र सफलता प्राप्त हुन सक्ने भएकाले उपन्यासको संरचनामा यसको महत्त्वपूर्ण स्थान रहेको छ ।

यस उपन्यासमा उपन्यासकार मल्लले देवदास र बिरालेले गीता र भिक्षु-उद्धार संघको सभापति बिच लोग्ने स्वास्नी जस्ता छन् भन्ने संवाद यसरी प्रस्तुत गरेका छन् –

‘देव. – के उस्तै उस्तै स्वास्नी ?

वि. - स्वास्नी भनौं भने एकै ठाउँमा बस्दैनन् तर सबैले शंका गर्छन् उसैकी स्वास्नी हो भनेर (पृ. ४३)

दीनदास र लुरेबिच लुरेले अर्को एउटा संघ खोलेको र त्यो धृतसंघ भएको भन्ने कुरामा संवाद यस्तो छ –

लु. – हाम्रो संघले दिएको चन्दा ।

दी. – तिम्रो संघ ?

लु. – ज्यू

दी. – सुनौ त्यो संघको छोटो विवरण हामीले सुन्न सक्ने भए ।

लु. – यहाँसँग हामीले लुकाउने काम के छ ? हामीलाई करै लाग्नाले यो संघ खडा गर्नु परेको छ यसको नाम छ “धूत-संघ ।”

दी. – सरकारले दियो यस्तो संघ खुलाउन ?

लु. – यो भित्री संस्था हो (पृ. ४९-५०) ।

देव. – मुक्ति पाउनाको निमित्त मानिसले कत्रो ठूलो तपस्या गर्नुपर्छ, तिमीलाई म कहाँ आउँदैमा मुक्ति मिल्छ भने के यो सानो चिज हो ?

दीन. – तिमीलाई ठूलो होस् सही किन्तु मलाई यो मुक्तिदेखि डर लाग्छ । मैले खोजेको छु यसै लोकको निमित्त; पेटभरि खान, हर भरि लगाउन, सफा ठाउँमा बस्न र सुखी जीवन बिताउन ।

देव. – यी सब ईश्वरको भजनद्वारा प्राप्त हुने चीज हुन्, अन्यथा प्राप्त हुन दुर्लभ छन् । तिमीलाई ती बस्तुहरूका चाहना छन् भने आउ हाम्रो हलमा प्रवेश गर (पृ. ६७)

यी माथिका संवाद कथावस्तुसँग सम्बन्धित छन् । यिनैका प्रभावकारी तथा स्वभाविक प्रस्तुतिकरणले यस उपन्यासलाई सफलता प्रदान गर्न सजिलो भएको छ ।

दीनदास र लुरेबिच लुरेले अर्को एउटा संघ खोलेको र त्यो धृतसंघ भएको भन्ने कुरामा संवाद यस्तो छ –

लु. – हाम्रो संघले दिएको चन्दा ।

दी. – तिम्रो संघ ?

लु. – ज्यू

दी. – सुनौ त्यो संघको छोटो विवरण हामीले सुन्न सक्ने भए ।

लु. – यहाँसँग हामीले लुकाउने काम के छ ? हामीलाई करै लाग्नाले यो संघ खडा गर्नु परेको छ यसको नाम छ "धूत-संघ ।"

दी. – सरकारले दियो यस्तो संघ खुलाउन ?

लु. – यो भित्री संस्था हो (पृ. ४९-५०) ।

त्यस्तै देवदास र दीनहास बिच दीनदासले पेटभरी खान पाउने, गरिबी हटाउने भन्ने कुरामा र दीनदास भक्तमा नै सर्वस्व छ भन्ने कथनका बीच पनि अर्को संवाद भएको छ ।

त्यस्तै देवदास र दीनहास बिच दीनदासले पेटभरी खान पाउने, गरिबी हटाउने भन्ने कुरामा र दीनदास भक्तमा नै सर्वस्व छ भन्ने कथनका बिच पनि अर्को संवाद भएको छ । त्यसैले यस उपन्यासमा संवाद शैलीको विशेष प्रयोग भएकाले अर्को प्रवृत्ति मान्न सकिन्छ ।

## ४.५ पात्रगत बहुलता

पात्रगत बहुलता पनि यस उपन्यासको मूल प्रवृत्ति नै मान्न सकिन्छ । यस उपन्यासमा प्रयुक्त पात्रहरु धेरै संख्यामा छन् । यी विभिन्न सङ्ख्यामा भएका पात्रहरुलाई तीन भागमा वर्गीकरण गरी राखिएको छ । ती हुन् प्रमुख, सहायक र गौण । मुख्य-मुख्य पात्र भनेर उपन्यासको सुरुवातमा लगातार आठ पात्रको नाम सहितको उपशीर्षक राखेर उपन्यास अगाडि बढाइएको छ । बहुल पात्रको प्रयोगले गर्दा उपन्यास आफैमा त्यसै जेलिएको स्थितिमा छ भने यस भित्र प्रयुक्त चरित्रहरुको पनि आ-आफ्नै किसिमको पीडा, वेदना, ऐस, आराम जस्ता दु:ख सु:ख भोगिरहेका छन् ।

यस उपन्यासमा प्रयुक्त पात्रहरुका प्राय: नाम अनुसारको काम छ । दीनदास सधैं दीनदु:खीको सेवामा समर्पित छ । देवदास सधैं देवताहरुको दास भएर भजन किर्तन गरिरहन्छ । मानराज मानकै खाँतिर मरिमेट्छ, धनराज धनकै खातिर दौडिरहन्छ । गीत गाउने गीता निष्काम भावले लगातार अरुलाई खुशी बनाउन गीत गाइरहन्छे ।

दीनदासले हरपल दीनदु:खीको सेवका लागि भिक्षु उद्वार संघ खोली चन्दा त्यही संघमा दिन लगाई मगन्ते सडक बालबालिकालाई संकलन गरी संस्थामा राखी शिक्षा दीक्षा, दिन र दु:ख पाएकालाई साथ दिन आफू ब्रह्माचारी भएर बसी काम गर्छ । धनराजले धन कमाउन कहिले जुवातास खेलाउँछ । कहिले ठाउँठाउँमा कोठी र पसल खोली व्यापार फस्टाउने तिर सोचिरहन्छ । मानराज उच्च कुल घरानको भएकाले सधैं आफूलाई ठूलो ठान्ने र महिलाहरुलाई मान्छे नगन्ने तर सबैले आफूलाई मानुन् भन्ने चाहन्छ । देवदास देवीदेवताको दास भएर सधैं रहने यसो गरेमा माया मोहबाट टाढा भइन्छ र आनन्द लिन सकिन्छ भन देवताको भक्त भएर बस्छ ।

त्यस्तै यस उपन्यासमा पैंतीस भन्दा बढी पात्रहरुको प्रयोग भएको छ ती सबै पात्रहरुको चरित्र पनि फरक-फरक किसिमको पाइएकाले पात्रगत बहुलता पनि अर्को मूल प्रवृत्तिका रुपमा आएको छ ।

## ४.६ सामान्य मनोविज्ञानमा अन्तरग्रन्थित पात्रहरुको प्रयोग

यस उपन्यासका पात्रहर आ-आफ्नो मनोविज्ञानको सागरमा पौडी खेल्दा रिस, राग, द्वेष, बदला जस्ता कार्यमा अग्रसर भएका छन् । सामान्य घरमा काम गर्ने नोकरले पनि अर्को नोकरलाई राम्रो सम्मान गरेकाले देखिसहन नसकेर झुटा आरोप लगाई विश्वास तोडिदिन्छन् भने मुख्य र सहायक पात्रहरुलाई पनि त्यस्तै खालको मनस्थिति पैदा भएको छ

यो सामाजिक उपन्यास भएकाले समाजमा घटेका र घट्न सक्ने कुण्ठालाई पनि देखाएको छ । मानसिक कुष्ठाबाट ग्रस्त भएका समाजमा रहेका विभिन्न खालका पुरुष तथा महिला चरित्रहरु आ-आफ्नै किसिमका स्वार्थ र उद्देश्य सिद्ध गर्ने कार्यमा लाग्दा उत्पन्न परिस्थितिबाट विचलित र विघटिन हुन पुगेको कुरालाई औपन्यासिक घटनाक्रमको विकास जेलिएको अवस्थामा उपन्यासकार देखा पर्दछ ।

विशिष्टखालको मनोविज्ञानको पात्र नभइ, व्यक्ति मनभित्र मानसिक चाहना, यौनजन्य कुण्ठा, विश्वास, अविश्वास, प्रेम, विछोड र तिरस्कार जस्ता कुराहरुले पात्रहरको मनोदशालाई उपन्यासभर कथानकलाई अगाडि बढाउन मूल आधार दिएका हुँदा प्रस्तुत उपन्यासमा सामान्य मनोविज्ञानमा अन्तरग्रन्थित पात्रहरको प्रयोग भएको छ ।

## ४.७ समस्यामूलकता

यसमा प्रयुक्त पात्रहरु सामाजिक समस्याको जालोमा जेलिएका छन् । जसले गर्दा उपन्यास समस्यातिर ढल्केको भान भए पनि अन्त्यमा विवेकतापूर्वक समस्या सुल्झाउन सकेर सुन्दर संसारको निर्माण भएको देखाएको छ । समस्या गीतामा आफ्नै प्रकारको छ जुनकी आफ्नो भनेर संसारमा बाँच्न जेली कोही हुँदैन र बिरक्त छन् भने ललिता भिनाजुको पञ्जाबाट उम्किन नसक्दा र साथीहरुले वास्ता नगरे जस्तो भान हुँदा विरक्त बनेकी छन् । मानराज आफ्नै मानको समस्यामा पिल्सिएको छ भने धनराज पनि धनकै समस्यामा छ । देवदास गीतासँगबाट छुट्टिएर बस्नुपर्दाका पीडामा रुमलिएर बसेको छ । यस्तै गरी सम्पूर्ण उपनयासभरीका पात्रहरु आ-आफ्ना साना मसिना समस्यामा जेलिएका छन् ।

## ४.८ निष्कर्ष

यस उपन्यासमा सामाजिक समस्यालाई समेटेर सामाजिक यथार्थलाई उपनयासकारले समाज सापेक्ष रुपमा वर्णन गरेका छन् । समाजसुधारको चेतनाका लागि समाजमा हुने गरेको अन्याय, अत्याचार, अन्धविश्वास, अशिक्षा, रोग, भोक र अभावले ग्रस्त भएको समाजलाई सुधारको अपिल गर्न संघर्षशील पात्रको प्रयोग गरी ती पात्रहरुले तन, मन दिएर विभिन्न संघर्ष गरी जीवन गुजारा गरेको देखाएका छन् । भाषिक सरलताले गर्दा सामान्य पाठकले समेत बुझ्नमा त्यति कठिन देखिँदैन । त्यस्तै संवाद शैलीको प्रयोगले गर्दा उपन्यास एकदमै रुचिकर बनेको छ । पात्रगत बहुलताले गर्दा पात्रका विविध चरित्रहरु यो उपन्यासमा पाउन सकिन्छ । सामान्य मनोविज्ञानमा ग्रन्थित पात्रहरुको प्रयोगले गर्दा उपन्यास झनै जेलिएको स्थितिमा देखा पर्दछ । त्यसैले माथि उल्लेख गरेका प्रवृत्तिहरु नै यस उपन्यासका मुख्य प्रवृत्ति ठानिएका छन् ।

# पाँचौं परिच्छेद
# उपसंहार तथा निष्कर्ष

## ५.१ सारांश

आधुनिक नेपाली उपन्यासका क्षेत्रमा मोहन बहादुर मल्ल रुद्रराज पाडेको रूपमती । रूपनारायण सिंहको भ्रमर, लैनसिंह बाङ्देलको मुलुकबाहिर, टुकराज पद्मराज मिश्रका रजबन्धकी र रामकृष्ण कुँवर राणा एवम् डायमण्ड शमशेरको बसन्तीका सबैजसो विशेषताहरूलाई मल्ले संयोजन गरेको पाइन्छ । रूपमतीको आदर्श भ्रमरको स्वच्छन्दता, मुलुकबाहिरको यथार्थपरकता तथा रजबन्धकी, रामकृष्ण कुँवर राणा र बसन्तीको ऐतिहासिकता उनका उपन्यासमा अन्तर्मिश्रित भएको छ । त्यस्तै उनको उपन्यासकारिता उनका समकालीन हृदयचन्द्रसिंह प्रधान, लील बहादुर क्षेत्री, लीलाध्वज थापा आदिका उपन्यासकारितासँग तादाम्य राख्दै अगाडि बढेको पाइन्छ ।

मोहन बहादुर मल्ले आफ्ना पूर्ववर्ती उपन्यासहरूमा जेजस्ता प्रवृत्तिहरु अवलम्बन गरेका छन् । यस उपन्यासमा पनि विशेषतः तिनै प्रवृत्तिहरुलाई आत्मसात गरेको देखिन्छ । अर्थात् यस उपन्यासमा पनि उनले पूर्व स्थापित मान्यता र प्रवृत्तिहरुकै विस्तार गर्ने काम गरेको देखिन्छ । यस आधारबाट हेर्दा उनको जेली उपन्यासले अवलम्बन गरेका मूल प्रवृत्तिहरुमा समाज सुधारको स्वर, ऐतिहासिकता, वैचारिक परिपक्वता आदि पर्दछन् ।

**जेली** उपन्यास उपन्यासकार मल्लको तेस्रो चरणको उपन्यास हो । यस उपन्यासका पात्रहरू सबै समस्याको जालोमा जेलिएका हुँदा शीर्षक पनि अभिधात्मक रूपमा सार्थक छ । उपन्यासका ठाउँठाउँमा जेलिएका घटना, परिवेश र परिस्थितिको चित्रण गर्दै जेलिएको स्थिति मै कथावस्तु समाप्त भएकाले समस्याप्रधान उपन्यासका रूपमा प्रस्तुत उपन्यासको शीर्षक विधान समुचित, प्रभावकारी र औचित्यपूर्ण रहेको देखिन्छ ।

यस उपन्यास लामाछोटा २४ परिच्छेदमा संरचित छ । जम्मा १२८ पृष्ठको मझौला आकारमा संरचित यस उपन्यासका २४ वटा परिच्छेदहरूमा २५३ अनुच्छेदहरू रहेका छन् । आन्तरिक संरचनाका दृष्टिकोणबाट हेर्दा आठौं परिच्छेद वा उपशीर्षकसम्म आदि भाग नवौंदेखि सत्रौंसम्म मध्य भाग र अठारौंदेखि चौविसौसम्मको अन्त्यमा देखा पर्दछ । यसरी

प्रस्तुत उपन्यासको कथानक विकासको अन्तरक्रमलाई हेर्दा सरल ढङ्गबाट नभए जटिल र अन्तरवस्तुको अनुक्रम भङ्ग क्रममा विन्यस्तक्रम भएको देखिन्छ । यसका साथसाथै उक्त उपन्यासको आन्तरिक संरचनाको आदि, मध्य र अन्त्यको सन्तुलनलाई हेर्दा समस्तरमा अगाडि बढेको देखिन्छ ।

मूल कथानक योजनाका आधारमा **जेली** उपन्यास सामाजिक उपन्यास हो । यसमा समाजमा घटेका घटना र घट्न सक्ने घटनालाई समायोजन गरी लेखिएको हुनाले सामाजिक उपन्यास हो भन्ने प्रशस्त आधारहरू छन् । यस उपन्यासमा घटेका घटनाहरूको शृङ्खलित विन्यासलाई आधार मानेर आदि मध्य र अन्त्यको विकासक्रममा विश्लेषण गर्न सकिन्छ । यस उपन्यासको आदि भागमा पात्रहरूको चरित्र र तिनीहरूका सामान्य समस्या दिँदा आदि भाग सकिएको छ । त्यस्तै मध्य भागमा सबै किसिमका उतारचढाव, मानसिक र शारीरिक पीडाको चित्रण गरिएको छ भने अन्त्यमा उपन्यासको कथावस्त विश्रान्तितिर लागेको छ । तसर्थ प्रस्तुत उपन्यासको कथावस्तु आदि, मध्य र अन्त्यको क्रममा विकसित रैखिक किसिमको देखिन्छ ।

यो उपन्यास समस्या प्रधान भएकाले विशेषतः चरित्र चित्रणमा विशेष किसिमका समस्याहरू देखाइएको छ । चरित्र चित्रणका दुई प्रविधिमध्ये वर्णनात्मक र नाटकीय दुवै पद्धतिको सन्तुलित प्रयोग भए पनि प्रस्तुत उपन्यासमा चरित्र चित्रणमा वर्णनात्मक पद्धति बढी प्रभावकारी देखिएको छ ।

यस उपन्यासका पात्रहरूलाई विभिन्न आधारमा वर्गीकरण गरिएको छ । लिङ्गका आधारमा स्त्री र पुरुष दुवै खाले पात्रहरूको प्रयोग भएको छ । दीनदास, देवदास, मुखिया, मानराज, धनराज आदि पुरुष पात्र हुन् भने ललिता, गीता, लता, चमेली आदि स्त्री पात्र हुन् । त्यस्तै कार्यका आधारमा प्रस्तुत उपन्यासका दीनदास र ललिता प्रमुख पात्र हुन् भने देवदास, गीता, लता, मानराज, धनराज, लुठे आदि सहायक पात्र र धक्कु, पञ्जु हुन् भने घोटो भूमिका लिएका मूर्त पात्रहरू पोडे, मसान, सुसारे आदि प्रतिकूल पात्र हुन् । स्वभावका आधारमा गतिशील र गतिहीन गरी दुवै किसिमका पात्रहरूको प्रयोग भएको पाइन्छ । जीवनचेतनाका दृष्टिले हेर्दा दीनदास, देवदास, गीता, ललिता आदि वर्गगत पात्र हुन् भने घनराज, लुठे, माननराज आदि व्यक्तिगत पात्र हुन् । आसन्नताका आधारमा दीनदास, देवदास, गीता, ललिता, मानवराज, लता धनराज, लुठे आदि मञ्चीय पात्र हुन् भने धक्कु,

पञ्जु, बुढीबज्यै, चमेली आदि नेपथ्यीय पात्र हुन् । आवद्धताका आधारमा दीनदास, गीता, ललिता, मानराज, देवदास, धनराज, लुठे, लता आदि बद्ध पात्र हुन् भने अरू सबै मुक्त पात्र हुन् । यसरी प्रस्तुत उपन्यासमा कथावस्तुको विकास अनुरुप विभिन्न खाले पात्रहरूको समुचित प्रयोग भएको देखिन्छ ।

यस उपन्यासमा संवादको बहुविध र प्रभावकारी प्रयोग भएको देखिन्छ । पात्रोचित संवादको प्रयोगले उपन्यासको प्रस्तुतीलाई विश्वसनीय बनाएको छ । उपन्यासमा छोटादेखि लामासम्म, पत्रात्मकदेखि सम्भाषणात्मकसम्म सम्वादको प्रयोग भएको पाइन्छ । त्यस्तै चिठीको प्रयोगले पनि संवादलाई प्रभावकारी बनाएको छ । काठमाडौंली समाजमा बोलचालमा प्रयोग गरिने संवादात्मक शैली, प्रत्येक बोलीमा उखानको प्रयोग गर्ने, कथ्य भाषाको प्रभाव पनि यस उपन्यासको संवादमा देखिन्छ । उपन्यासमा दीनदास, देवदास, गीता, ललिता जस्ता प्रमुख र उदान्त पात्रलाई सोही अनुकूलको संवाद बोल्न र लुठे, बिराले, रिठ्ठेलाई सामान्य किसिमको संवाद बोल्न लगाएर पात्र र विषय वस्तु अनुरूपको संवाद प्रयोग गरिएको छ । यस आधारमा उपन्यासको संवाद अनुकूल, वर्णनात्मक र प्रभावकारी रहेको छ ।

प्रस्तुत उपन्यासले सामाजिक परिवेशलाई समेटेको छ । देशगत परिवेशमा प्रस्तुत उपन्यासका घटनाहरू काठमाडौं उपत्यका भित्रका पशुपति लगन, टेकु आदि भू-भागहरू छन् भने उपत्यका बाहिर वीरगञ्ज, भारतको मुख्य-मुख्य तीर्थ स्थलहरू रहेका छन् । यसमा परिस्थितिको जालोमा जेलिएका नेपालीको कष्टप्रद करुण जिन्दगीको यथार्थलाई उद्घाटन गरिएकाले त्रासद जिन्दगीको निराश वातावरण छाएको पाइन्छ ।

प्रस्तुत उपन्यासमा प्रथम पुरुषीय, तृतीय पुरुषबीच तथा मिश्रित गरी सबै खालका दृष्टिविन्दुको प्रयोग भएको छ । उपन्यासकारले आफ्ना विचार अभिव्यक्ति गर्न कतै स्वयम्लाई उपस्थित गरेका छन् । तसर्थ उपन्यासमा सबै खाले दृष्टिविन्दुको प्रयोग भए तापनि तृतीय पुरुषबीच दृष्टिविन्दुको प्रयोग बढी भएकाले यस उपन्यास मूलतः तृतीय पुरुषीय दृष्टिविन्दु प्रधान उपन्यास हो ।

यस उपन्यासको भाषाशैली सामान्य स्तरको छ । उपन्यासमा सामान्य स्तरका पात्रले बोल्ने भाषा सोही अनुकूलको छ र बौद्धिक स्तरका पात्रले बोल्ने भाषा बौद्धिक,

कलात्मक र काव्यात्मक किसिमको छ । उपन्यासको बिच बिचमा कलात्मक र काव्यात्मक किसिमको भाषा भए पनि कोही-कोही ठाउँमा क्लिष्ट भाषाको प्रयोग भएको आभास हुन्छ । प्रशस्त उखान टुक्काले गर्दा भाषामा मिठास ल्याए पनि साहित्यिक शब्दले गर्दा कता-कता सामान्य पाठकलाई पढ्नमा अलि क्लिष्ट देखिन्छ । त्यस्तै शैलीतर्फ वर्णनात्मक, पत्रात्मक, संवादात्मक, सम्भाषणात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

परम्परागत धर्मप्रति सङ्कीर्ण सोचाई र प्रथाबाट जनताले भोगेका समस्या र पीडाहरूको चित्रण गर्नु, सामाजिक सांस्कृति क्षेत्रमा देखिएका विकृति, विसङ्गति र त्यसका विरुद्ध केही सचेत बनाउँदै जानु यस उपन्यासको उद्देश्य रहेको देखिन्छ । साथै मानिस परिस्थिति र मनस्थितिको जेलोमा जेलिन्छ । यदि त्यो जेलोलाई सग्ल्याउन सके जस्तोसुकै मानिस पनि आखिर सुन्दर रूपमा देखा पर्न सक्छ भन्ने मूल सन्देश दिन खोजेको छ ।

मल्लले यस उपन्यासमा शिक्षा र देश भक्तिलाई प्रमुख प्राथमिकता दिनु, पात्रलाई साङ्गठितक गराउनु, दुःखी, गरिब र रोगीहरूप्रति सहयोगी भावना देखाउनु, जाँड-रक्सी जुवातासले समाजलाई नराम्रो असर पर्ने, हुनाले त्यसको विरोध गर्नु, भिक्षु, उद्धार संघ खोली दुःख पाएकाहरूलाई उद्धार गर्नु, सडक बालबालिकाहरूलाई जम्मा गरी शिक्षा दिनु, दानप्रथा गरिब गुरुवालाई नदिएर संस्थामा दिन लगाउनु आदि जस्ता कुरा समेटिएको हुँदा समाज सुधारको मूल लक्ष्य र उद्देश्यमा उक्त उपन्यास केन्द्रित भएको हुँदा समाज सुधारको चेतना यस उपन्यासमा मूल प्रवृत्तिमा देखिएको छ ।

## ५.२ निष्कर्ष

नेपाली उपन्यास परम्परा अगाडि बढ्ने क्रममा मोहन बहादुर मल्ल पनि विकास क्रममा यात्रारत छन् । उनका अन्य उपन्यास राजनैतिक सामाजिक र ऐतिहासिक विषय वस्तुमा केन्द्रित रही अगाडि बढेका छन् भने **जेली** उपन्यासमा मात्र केन्द्रित हुँदा मल्ल सामाजिक यथार्थवादी भावधारामा प्रवाहशील भएको देखिन्छ र उनको नेपाली उपन्यास लेखनको विकास यात्रामा आफ्नो बेग्लै र विशिष्ट स्थान ओगट्न सफल भएका छन् ।

समग्र आधुनिक नेपाली उपन्यासको विसकाक्रमा जेली उपन्यासले अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । उपन्यासको बस्तुपक्ष र कलापक्षका बिचको समन्वयले यस उपन्यासलाई मल्लका अन्य उपन्यासका तुलनामा पृथक, ओजस्वी, गरिमामय र

उत्कृष्ट बनाएको छ । नेपाली साहित्यका बहुमुखी प्रतिभा मोहन बहादुर मल्ल आधुनिक नेपाली उपन्यासका एक सशक्त हिस्सा बन्नमा जेली उपन्यासले महत्वपूर्ण भूमिका खेलेको छ ।

# सन्दर्भ सामग्री सूची

## पुस्तक सूची

पराजुली, ठाकुर (२०५९), **नेपाली साहित्यको परिक्रमा,** ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०२३), **नेपाली उपन्यासको क्रमिक विकास,** काठमाडौंः साझा प्रकाशन ।

………… (२०४३), **नेपाली उपन्यास र उपन्यासकार,** काठमाडौंः साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ललितपुरः साझा प्रकाशन ।

मल्ल मोहन बहादुर, **उजेली छामा,** काठमाडौंः लेखक स्वयम्, २००८ ।

……………………., **मायारानी,** काठमाडौं : लेखक स्वयम्, २००९ ।

……………………., **पञ्चायत**, लेखक स्वयम्, २०१० ।

……………………., **भुमरी,** काठमाडौं : लेखक स्वयम्, २०१६ ।

……………………., **बहादुर नजर,** काठमाडौंः ने.रा.प्र.प्र., २०३६ ।

……………………., **जेली,** काठमाडौं : ने.रा.प्र.प्र., २०३९ ।

……………………., **समयको हुरी,** ते.सं., ललितपुरः साझा प्रकाशन, २०५० ।

……………………., **रामछायाँ,** पर्वत : मोहन बहादुर मल्ल साहित्य प्रतिष्ठान, २०६२ ।

रोशन, काजी (२०३६), **सम्झनाको गोरेटोमा मोहन बहादुर मल्ल,** बागलुङः धवला कला मन्दिर ।

विकल्प, इन्द्र बहादुर (२०५५), **स्वर्गीय मोहन बहादुर मल्लको संक्षिप्त जीवनी,** पर्वतः लेखक स्वयम् ।

सुवेदी, राजेन्द्र (२०५३), **उपन्यास परम्परा र प्रवृत्ति,** वाराणसीः भूमिका प्रकाशन ।

**पत्रपत्रिका सूची**

पराजुली, ठाकुर (२०२६), 'मोहन बहादुर मल्लका उपन्यासहरूको संक्षिप्त विवेचना' **बुकी** (गुच्छा २) ।

मल्ल, मोहन बहादुर, कालान्जल वर्ष १, २, ३ (संयुक्त), **मोहन बहादुर मल्ल विशेषाङ्क**, पर्वतः मोहन बहादुर मल्ल साहित्य प्रतिष्ठान ।

**शोधग्रन्थ सूची**

पौड्याल, यदुनाथ (२०४८), **मोहन बहादुर मल्ल र उनका प्रतिनिधि उपन्यास,** त्रि.वि. स्नातकोत्तर, अप्रकाशित ।

शर्मा, शारदा कुमारी (२०६२), **पर्वत जिल्लाका उपन्यासकार र तिनका औपन्यासिक कृतिको अध्ययन**, त्रि.वि. (अप्रकाशित) ।

शर्मा, विमला (२०६३), **भुमरी उपन्यासको कृतिपरक अध्ययन,** त्रि.वि. (अप्रकाशित) ।